‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह, भक्तपुर-९, फोन नं. ६६१४६८६
मोतिविन्दु तथा आँखा शिविरसम्बन्धी सूचना
स्वास्थ्य शिविर
मिति : २०८३ भदौ २७ गते, शनिबार
समय : बिहान ८:०० बजेदेखि १:०० बजेसम्म
स्थान : भक्तपुर साकोसको प्राङ्गण
दर्ता शुल्क : रू. २०।-
पुनश्च : ज्येष्ठ नागरिकलाई विशेष ग्राह्यता दिइनेछ ।
आयोजक
स्वास्थ्य उपसमिति
प्राविधिक सहयोग
ख्वप तिलगंगा आँखा अस्पताल भक्तपुर

★ वर्ष : २८ ★ अङ्क : २३१ ★ ने. सं. ११४६ गुँला गा, औँसी ★ शुक्रबार ★ २६ भदौ, २०८३ ★ September 11, 2026, Friday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

## विषयविज्ञ, सुरक्षा निकाय तथा सङ्घसंस्थाबिच छलफल कार्यक्रम र समन्वय गर्नुपर्नेमा जोड



भक्तपुर, २५ भदौ । भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बिहीबार बस्यो । बैठकमा रसुवामा आएको बाढीपहिरोबाट भएको क्षति, जिल्ला विपद् व्यवस्थापन, पूर्वाधार विकास, आपूर्ति शृङ्खला व्यवस्थापनलगायत विविध विषयमा छलफल भयो ।

बैठकमा प्रमुख जिल्ला अधिकारी खड्काले रसुवामा आएको विनाशकारी बाढीपहिरोको क्रममा भक्तपुरका एक जनाको मृत्यु भएको र १९ जना अझै हराइरहेको जानकारी गराउँदै खोजी तथा उद्धार कार्यमा आवश्यक समन्वय भइरहेको बताउनुभयो । उहाँले विपद्बाट प्रभावित नागरिकका लागि एक द्वार प्रणालीमार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गर्न आह्वान गर्नुभयो ।

बैठकमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बाढीपहिरोमा परी मृत्यु भएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्नुभयो । उहाँले यस्ता विपद्का घटना विगतमा पनि घट्दै आएको उल्लेख गर्दै विपद्का विषयविज्ञहरूलाई ल्याएर सुरक्षा निकाय तथा विभिन्न सङ्घसंस्थाबिच छलफल तथा समन्वयको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

यसैबिच, भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालका मेडिकल डाइरेक्टर डा. मजेश प्रताप मल्लको नेतृत्वमा १३ सदस्यीय चिकित्सक तथा स्वास्थ्यकर्मीको टोलीले रसुवाको बेत्रावतीस्थित होल्डिङ सेन्टरमा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको बताउनुभयो ।

बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुन:स्थापनाका लागि भक्तपुर नगरपालिका कार्यालय, जनप्रतिनिधि, कर्मचारी तथा नगरपालिकाद्वारा सञ्चालित ख्वप मावि, ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, ख्वप कलेज अफ ल र ख्वप अस्पतालले एकमुष्ट रु. ७५ लाख ७१ हजार ६७९ रुपैयाँ ५२ पैसा प्रधनमन्त्री राहत कोषमा सहयोग गरेको जानकारी दिनुभयो ।

प्रतिनिधिसभा सदस्य रुकेश रञ्जितले विपद्बाट भएको अकल्पनीय क्षतिप्रति दु:ख व्यक्त गर्दै विपद्को सामना गर्न सबै पक्ष एकजुट भएर सहयोगी भावनाका साथ काम गर्नुपर्ने बताउनुभयो ।

प्रतिनिधिसभा सदस्य राजीव खत्रीले जलवायु परिवर्तनका कारण हुने क्षतिप्रति ध्यान दिनुपर्ने उल्लेख गर्दै विपद्को समयमा मानव सुरक्षालाई पहिलो प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो । स्थानीय सरकार नागरिकको नजिकको सरकार भएकोले विपद् व्यवस्थापनमा स्थानीय तहको महत्त्वपूर्ण भूमिका हुने र छिमेकी पालिकाबिच पनि प्रभावकारी समन्वय आवश्यक रहेको उहाँको भनाइ थियो ।

बैठकमा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्लाका उपाअध्यक्ष न्हुछेभक्त फोंजुले भक्तपुरमा अवैध जग्गा प्लटिङ रोक्नुपर्ने, मापदण्डविपरीत घर निर्माण तथा जोखिमयुक्त क्षेत्रमा बस्ती बसाल्न दिन नहुनेमा जोड दिनुभयो । अवैध जग्गा प्लटिङका कारण भक्तपुरका धेरै ठाउँमा बस्ती नै जोखिममा परेको उल्लेख गर्दै उहाँले नदी तथा खोला छेउमा मापदण्डविपरीत घर निर्माण रोक्नुपर्नेमा जोड दिनुभयो ।

सूर्यविनायक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत युवराज आचार्यले सूर्यविनायक नगरपालिकाले प्रधानमन्त्री राहत कोषमा रु. ५५ लाख ५५ हजार ५५५ आर्थिक सहयोग गरेको र उद्धार कार्यका लागि शववाहनसमेत पठाइएको बैठकमा जानकारी दिनुभयो ।

बैठकमा विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूले भक्तपुर तथा आसपासको विपद्को अवस्था, जोखिम र पूर्वतयारीका विषयमा जानकारी गराएका थिए । उक्त बैठकमा बजारमा ग्यासको सहज उपलब्धता सुनिश्चित गर्न बजार अनुगमनलाई तीव्र बनाउनुपर्ने विषयमा समेत छलफल भएको थियो ।

## जेनजीको सरकारविरुद्ध जेनजीहरू नै विरोध प्रदर्शनमा

काठमाडौँ, २५ भदौ । जेनजीहरूको सहयोग र साथको नेतृत्वमा बनेको वर्तमान सरकारको विरोध जेनजीका अभियन्ता, घाइते र घाइतेका परिवारहरूले गर्न थालेका छन् । जेनजीहरूको उद्देश्यअनुसार काम नगर्ने, जेनजीको भावना नबुझ्ने, जेनजीका अगुवाहरूको नेतृत्वमा बनेको वर्तमान सरकारका मन्त्रीहरूको राजीनामा माग स्वयम् जेनजीका अगुवाहरूले गर्न थालेका छन् । जेनजी सहिद परिवारको सम्मान गर्दै सहिद पार्क उद्घाटन कार्यक्रममा समेत सहिदका परिवारहरूले सरकारको निन्दा र विरोध गरे । पीडित परिवारहरूको निन्दा र विरोधकै कारण पार्क उद्घाटन कार्यक्रमसमेत स्थगित भयो । ललितपुरस्थित सात दोबाटोमा निर्माण भएको जेनजी सहिद पार्कमा सहिदको अनुहार अलिकति पनि नमिलेको कारण सोको विरोध भएको हो । उक्त स्थानमा गत वर्ष भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको क्रममा सहिद घोषणा भएका ४५ जना सहिदको सालिक निर्माण गरिएको थियो ।

प्रश्न उठाइयो, सहिदको रूप रङ्ग नै नमिलाइकन सहिदको प्रतिमा (सालिक) कसरी बनाइयो ? केको र कसको फोटो हेरेर बनाइयो ? रूप रङ्ग नै नमिलाइकन सालिक बनाएपछि सर्वसाधारणलाई नै चित्त बुझ्दैन भने पीडित परिवारलाई कसरी चित्त बुझ्छ ? के यो सहिदहरूकै अपमान होइन ? सहिदका पीडित परिवारहरूको अपमान होइन ? के यो खेलबाड भएन ? सहिदको स्मृतिमा सालिकसहितको पार्क निर्माणकै खिस्सी उडाएको जस्तो भएन ? एकातिर सहिदकै अनुहार नमिलेर सहिदका परिवारहरू आक्रोशित भए भने अर्कोतिर सभास्थलमै विरोध चर्केर कार्यक्रम नै स्थगित भएर सरकार या स्वयम् गृहमन्त्री सुधन गुरुङलाई समेत नमज्जा भयो । कार्यक्रम उद्घाटन गर्न पुगेको गृहमन्त्रीकै बेइज्जत !

जेनजीको नेतृत्वमा बनेको सरकारप्रति जेनजीका घाइते र घाइतेका परिवारहरू पनि सन्तुष्ट छैनन् । सरकारले जेनजी आन्दोलनका घाइतेहरूलाई न्याय नदिएको मात्र होइन बेवास्ता गरेको विरोधमा उनीहरू आन्दोलित छन् । जेनजी दिवस मनाइरहेको बेला जेनजीहरू नै सरकारको विरोधमा उत्रे । मन्त्रीहरूको राजीनामा माग गर्दै जेनजीहरूले सडक तताउने काम गरे । जेनजीहरूको आन्दोलनको कारण सरकार बने पनि जेनजीहरूले नै जेनजी दिवसमा विरोध प्रदर्शन गरे । घाइतेहरूले राज्यबाट पाउनुपर्ने सुविधासमेत नपाएकोमा उनीहरू खुसी छैनन् । जेनजी आन्दोलनको क्रममा थुनामा परेका व्यक्तिहरू रिहाइ नभएकोमा उनीहरूले सरकारको विरोधमा आक्रोश पोखेका हुन् । सुशासनको लागि र भ्रष्टाचारविरुद्ध भएको सो आन्दोलनमा अनाहकमा राज्यको दमनबाट घाइते हुँदा उनीहरूले न रोजगारी पाए न राज्यले उचित सम्बोधन नै गर्नसक्यो । घाइते र थुनामा परेका जेनजीहरूको भनाइ छ, “वास्तविक जेनजी अझै सडकमा छन् । सहिदहरूको रगतमा टेकेर संसद्मा पुगेका, मन्त्री बनेकाहरूले पछाडि फर्केर हेरेनन्, सडकबाट सदनमा पुगे, आफ्नो स्वार्थ पूरा गरे ।”

घाइतेहरूको स्थिति अहिले पनि बेहाल छ । आफ्नै र नाता कुटुम्बहरूको आर्थिक सहयोग र साथमा उनीहरूको उपचार भइरहेको छ । कति घाइतेहरू अहिले पनि मर्नु न बाँच्नुको दोसाँधमा रहेका छन् । घाइतेहरूको दर्दनाक स्थिति हेरेर पीडित परिवारका सदस्यहरू सरकारको बेवास्ताप्रति हैरान भएका छन् । घाइते, अभियन्ता र पीडितहरूमात्र होइन रास्वपाका सांसदहरू नै कि त समस्या सम्बोधन गर्नुपर्‍यो कि त मन्त्रीहरूले राजीनामा दिनुपर्‍यो भनी मन्त्री र सरकारको ध्यानाकर्षण गर्न थालेका छन् । रास्वपाकै सांसदहरूले आक्रोशित हुँदै भने, “मन्त्री र सांसदहरू दौडधूप गरेको, समितिको बैठक बसेको र प्रगति रिपोर्ट तयार गरेको देखाएर पार लगाउने होइन; मुख्य कुरा नतिजा देखिनुपर्‍यो; काम देखिनुपर्‍यो ।” नतिजालाई आधार मानेर मात्र कामको मूल्याङ्कन हुने उनीहरूको भनाइ हो । ग्यास अभाव भएको दुई तीन महिना भयो । कर्मचारी, विद्यार्थी, सर्वसाधारणले अझै ग्यास पाएका छैनन् । पर्याप्त ग्यास उपलब्ध गराइनुपर्छ; अभाव नहोस् भनी ग्यास पर्याप्त भण्डारण गर्नुपर्छ । ग्यास बिक्री पसलमा खालि सिलिन्डर छोडेको १५/२० दिन भए पनि, कहीं महिना दिन बिते पनि ग्राहकले अहिलेसम्म ग्यास पाएका छैनन् । यसतर्फ सरकारको ध्यान खोइ ? पैसा तिरेर पनि महिनौँसम्म किन ग्यास उपलब्ध भएन ? भदौ २५ गतेको ‘कान्तिपुर’ दैनिकले लेख्यो, ‘उपत्यकामा ग्यास आउँछ, कहाँ हराउँछ ?’

सोही दिनको ‘अन्नपूर्ण’ दैनिकले लेख्यो, ‘नीतिगत भूलले बिग्रियो उपत्यकाको ग्यास आपूर्ति !’ ग्राहकहरूले पालोका लागि

बाँकी पृष्ठ ८ मा

## देशको अवस्थाबारे उब्जिएका प्रश्न

- सरकारको नेतृत्वमा रहेको रास्वपाका सभापति रवि लामिछानेले भदौ १० गते आएको हिमपहिरोमा जनधन गुमाएकाहरूलाई ‘जलवायु अन्यायका पीडित’ बताए । यही भदौ २४ गते प्रतिनिधिसभामा बोल्दै उनले ‘अब जलवायु न्यायको लागि नलडी नहुने’ उल्लेख गरे । गत वर्ष भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनमा घुसपैठ हुँदा देशभरि आगजनी भयो । सोही दिन ‘सहकारी ठगी’ आरोपमा नख्खु जेलमा थुनिएका रवि लामिछाने अन्य कैदीबन्दीसँगै निस्केका थिए ।
- हिमाल पगाल्ने कार्वन उत्सर्जन गर्ने पहिलो देश संरा अमेरिकी साम्राज्यवाद हो । के रास्वपाको यो सरकारसँग संरा अमेरिकी साम्राज्यवादको विरोध गर्ने हिम्मत होला ? के रास्वपा सरकार र तिनका नेता कार्यकर्ताले संरा अमेरिकी साम्राज्यवादको हातखुट्टा नेड, आइआरआई, टीओबी, एसएफटी, बारबरा, एवाइसी तथा यी संस्थाका ‘तिहुन’ खाने ‘हामी नेपाल’, एसीसी, ग्रीन आर्मीलगायतलाई खारेज गराउन सक्लान् ? यति गर्न नसक्ने भए रास्वपा सरकारले सुरक्षित ठाउँमा बस्ती विकास त गर्न सक्ला नि ?
- नेकाको सभापति शेरबहादुर देउवाकी पत्नी आरजु राणाले केही वर्षअगाडि प्रतिनिधिसभामा बोलेकी थिइन्, “हत्यारा सर्पलाई कारबाही गर्नुपर्‍यो, सरकार !” नेपालमा गर्मीको बेला तराईमा सर्पको टोकाइ बढ्ने भइरहेको धेरै भयो तर सरकारहरूले सर्पदंश ओखतीसमेत उपलब्ध गराउन नसक्दा पीडितहरूको मृत्यु पनि बढ्दो छ । के रवि लामिछानेको ‘जलवायु अन्यायका पीडित’ र आरजु राणाको ‘हत्यारा सर्प’ थेगो उस्तै हो ? होइन भने रास्वपा सरकारले भूगर्भशास्त्रीहरूलाई अध्ययन गराई सुरक्षित स्थानमा बस्ती विस्तार गरेर देखाउनु पर्दैन र ?

काठमाडौँ उपत्यकाको माटोले सडक, पुल, भवनलगायत भारी संरचना थेग्न नसक्ने र कुनै पनि बेला यहाँका भारी संरचना भासिने भूगर्भशास्त्रीहरूको सुझाव र चिन्तालाई बेवास्ता गरी सरकारका उच्चपदस्थहरू नै आ-आफ्नो थातथलो छाडेर यहाँ बसाइँसराइ गरिरहेको गल्ति होइन र ? देशको ७७ जिल्लामै सुरक्षित स्थानमा बस्ती विस्तार नगर्ने आजसम्मका सरकारहरू यो हिमपहिरोबाट जनधन क्षति हुनुका दोषी किन होइनन् ?

- नेपाल सन्धि ऐन, २०४७ को दफा ९ को प्रावधानअनुसार सन्धिका प्रावधानहरू नेपाली कानुनसँग बाझिएमा बाझिएको हदसम्म नेपाली कानुन निष्प्रभावी हुनेछ । यसले एमसीसी सम्झौतामा संरा अमेरिकी नीति र कानुन नेपालले पालना गर्नुपर्ने लेखिएको बाध्यकारी हुने र नेका, तत्कालीन माओवादीले संलग्न गरेको व्याख्यात्मक टिप्पणी हावा साबित हुँदैन र ?
- गत वर्ष भदौ २३ र २४ गतेको ‘पहिरो र बाढी’ एनईडी, आइआरआई, टीओबी, एसएफटी, बारबरालगायतको अन्तर्राष्ट्रिय संस्थाको आर्थिक सहयोग र तालिममा आएको थियो । यो ‘पहिरो र बाढी’ ले निहत्था जनताको हत्या र देशभरिझैँ आगजनी भयो । देशभक्त नेपाली जनताले उल्लिखित अन्तर्राष्ट्रिय संस्थाहरूले कुन कुन देशमा ‘पहिरो र बाढी’ ल्याए खोज अनुसन्धान गरी सचेत हुनु जरुरी छ ।
- यस वर्षको भदौ १० गतेको पहिरो र बाढी औद्योगिक विकासको नाममा प्रदूषण फैलाउने र वनजङ्गल कटानी, खनिज उत्खनन् र सडक निर्माणमा पहाड खोस्रने काम हुँदा आएको हो । उल्लिखित दुवैमा साम्राज्यवादीहरूको हिंस्रक गतिविधि जिम्मेवार भएको विषय संसारका शान्तिप्रेमी जनताले बुझ्नु जरुरी छ ।

व्यङ्ग्यचित्रको कुनो





**चिनियाँ राजदूत माओमिङ नुवाकोटमा**
नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङ बिहीबार नुवाकोटको विदुर नगरपालिका-१० स्थित भोटेकोसी हुँदै त्रिशूली नदीमा आएको बाढीबाट प्रभावित क्षेत्रको अवलोकन गर्दै । *तस्बिर : रामहरि न्यौपाने/रासस*

# ख्वप कलेज अफ इन्जिनियरिङमा शिक्षक तथा कर्मचारीबिच विविध खेलकुद प्रतियोगिता सुरु

भक्तपुर, २५ भदौ । अत्यधिक कार्यव्यस्तता र प्राविधिक शिक्षाको निरन्तर दबाबबिच सेमेस्टर ब्रेकको समयलाई सदुपयोग गर्दै भक्तपुरस्थित ख्वप कलेज अफ इन्जिनियरिङमा शिक्षक तथा कर्मचारीहरूका लागि साताव्यापी अन्तर-विभाग विविध खेलकुद प्रतियोगिता सुरु भएको छ । कलेज परिसरमा आयोजित एक विशेष समारोहका बिच कलेजका प्राचार्य सुनिल दुवाल र पूर्वप्राचार्य चन्द्रकिरण कवांले संयुक्त रूपमा टेबलटेनिस खेल खेलेर प्रतियोगिताको औपचारिक उद्घाटन गर्नुभएको हो । उद्घाटन कार्यक्रमको पहिलो दिन बिहीबार टेबलटेनिसका प्रतिस्पर्धात्मक इभेन्टहरू उत्साहजनक र प्रतिस्पर्धात्मक रूपमा सम्पन्न भएका छन् ।

शिक्षक तथा कर्मचारीहरूको शारीरिक र मानसिक तन्दुरुस्तीलाई प्रवर्द्धन गर्ने मुख्य उद्देश्यका साथ सुरु भएको उक्त प्रतियोगिता भदौ ३१ गतेसम्म सञ्चालन हुनेछ । कलेजका खेलकुद प्रशिक्षक श्यामकृष्ण बासुकलाका अनुसार प्रतियोगितामा शिक्षक तथा प्रशासनिक कर्मचारीहरूको उत्साहजनक सहभागिता रहेको छ । यस वर्षको खेलकुदमा टेबलटेनिस, ब्याडमिन्टन, स्थानीय परम्परागत खेल कसिमला, सटपुट, उदबल, टग अफ वार र फुटसल गरी सातवटा खेल समावेश गरिएका छन् ।




इन्जिनियरिङ अध्यापन र प्रशासनिक कार्य आफैँमा अत्यन्तै व्यस्त, प्राविधिक र चुनौतीपूर्ण पेसा भएकाले प्राध्यापक तथा कर्मचारीहरू निरन्तर पठनपाठन, प्रयोगशाला परीक्षण, नक्साङ्कन र अनुसन्धानमा तल्लीन रहनुपर्छ । खेलकुदको माध्यमबाट दिनभरिको थकाइ र तनाव हट्नुका साथै विभिन्न विभागमा कार्यरत सहकर्मीहरूबिच सामूहिक भावना र टिमवर्कको विकास हुने अपेक्षा गरिएको छ ।

प्रतियोगिताले शैक्षिक तथा प्रशासनिक क्षेत्रमा संलग्न सबैलाई एउटै मैदानमा ल्याएर खेलकुदको माध्यमबाट नयाँ स्फूर्ति र ऊर्जा प्रदान गर्ने लक्ष्य राखेको आयोजक कलेज प्रशासनले जनाएको छ । दैनिक कक्षाकोठा र प्रयोगशालामा व्यस्त रहने सहकर्मीहरू खेलमैदानमा एकअर्काका प्रतिद्वन्द्वी र समर्थकका रूपमा प्रस्तुत हुँदा कलेज परिसरमा छुट्टै रौनक छाएको छ । आगामी भदौ ३१ गतेसम्म चल्ने यो खेलकुद महोत्सवले कलेजको समग्र वातावरणलाई थप सौहार्दपूर्ण र जीवन्त बनाउने देखिन्छ ।

# भोटेकोसी बाढी : आठ मिलियन युरो सहायता

काठमाडौँ, २५ भदौ । जर्मनीले रसुवाको भोटेकोसी बाढीपीडितको राहत, उद्धार तथा पुन:स्थापनाका लागि आठ मिलियन युरो सहायता गरेको छ ।

सहकार्य तथा युरोपेली र बहुपक्षीय संयन्त्रमार्फत उक्त सहयोग प्रदान गरिएको यहाँस्थित जर्मनी दूतावासले जनाएको छ ।

जर्मनीले यसअघि पाँच लाख युरो मूल्य बराबरको आपतकालीन सहायता प्रदान गर्ने घोषणा गरेको थियो ।

नेपाल सरकारको अनुरोधमा भान्साका सामग्रीका सेट, त्रिपाल, लामखुट्टेको जाली, खानेपानी आपूर्तिका उपकरण तथा क्याम्प बेड युरोपेली सङ्घको नागरिक सुरक्षा संयन्त्रमार्फत नेपाल आउँदैछ ।

उक्त राहत सामग्री जर्मन सङ्घीय प्राविधिक राहत निकायका साथै जर्मन लाइफ सेभिङ एसोसिएसन र जर्मनीको थुरिङ्गिया सङ्घीय राज्यले उपलब्ध गराएका हुन् ।

त्यसैगरी, जर्मनीले तत्कालीन मानवीय आवश्यकता सम्बोधन गरिरहेका दुई संस्थालाई प्रत्यक्ष रूपमा दुई लाख युरो सहयोग प्रदान गरिरहेको छ । एउटा परियोजनाले विपद्बाट प्रभावित गर्भवती महिला, नयाँ आमा तथा नवजात शिशुको स्वास्थ्य र कल्याणमा ध्यान केन्द्रित गर्नेछ ।

यसअन्तर्गत आपतकालीन सामग्री उपलब्ध गराउने, अत्यावश्यक स्वास्थ्य सेवामा पहुँच कायम राख्ने तथा सङ्क्रमण रोकथामलाई सुदृढ गर्ने कार्य समावेश छन् ।

दोस्रो परियोजना युरोपेली सङ्घको मानवीय प्रतिकार्यको एक हिस्सा हुने दूतावासको भनाइ छ । जुन युरोपेली नागरिक सुरक्षा तथा मानवीय सहायता सञ्चालनसम्बन्धी महानिर्देशनालयमार्फत सञ्चालन हुनेछ ।

उक्त परियोजनामार्फत जर्मनीले विपद्बाट प्रभावित घरपरिवारका लागि आयआर्जनका अवसर सिर्जना, पूर्वाधार पुन:स्थापनामा सहयोग पुर्‍याउन तथा विस्थापित शिविरको अवस्था सुधार गर्न सहयोग गर्ने जनाएको छ ।

विपद्को प्रभाव तत्कालीन आपतकालीन अवस्थाभन्दा परसम्म रहने कुरालाई ध्यानमा राख्दै जर्मनीले आफ्नो विकास सहकार्यअन्तर्गत थप सात दशमलव ३५ मिलियन युरो परिचालन गरेको छ ।

उक्त रकम जर्मन सङ्घीय आर्थिक सहयोग तथा विकास मन्त्रालयले उपलब्ध गराउनेछ र कार्यान्वयन जिआइजेडमार्फत गरिनेछ ।

नेपाल सरकारसँगको दीर्घकालीन साझेदारीलाई निरन्तरता दिँदै जिआइजेडले स्वास्थ्य तथा ऊर्जाका क्षेत्रमा सहायता प्रदान गर्नेछ । यसमा अत्यावश्यक स्वास्थ्य सेवा, ऊर्जा तथा पानी आपूर्तिमा पहुँच कायम राख्न विशेष ध्यान दिइनेछ ।

जर्मनीले जलवायु तथा विपद्प्रतिरोधी पूर्वाधारलाई सुदृढ बनाउन तथा भविष्यमा आउने प्राकृतिक विपद्प्रति नेपालको उत्थानशीलता सुधार गर्न नेपालका दीर्घकालीन प्रयासलाई सहयोग गर्ने लक्ष्य राखेको छ । *(रासस)*

# श्री पद्म माविद्वारा भ्रामक प्रचारको खण्डन

भक्तपुर, २५ भदौ । श्री पद्म माध्यमिक विद्यालय भक्तपुरले भदौ २३ गते सामाजिक सञ्जालअन्तर्गत भक्तपुरियन्स (Bhaktapurians) नामक (facebook Id suomyo perai) नामबाट पोस्ट गरिएको 'पद्म मा.वि.मा भक्तपुर नगरपालिकाको ध्यान खोइ ?' शीर्षकको सामग्रीप्रति ध्यानाकर्षण भएको जनाउँदै भ्रामक कुराको खेद प्रस्ताव पारित गर्दै खण्डन गरेको छ ।

उक्त खण्डनमा भनिएको छ, "स्थानीय सरकार (भक्तपुर नगरपालिका) को निर्णयअनुसार नै शैक्षिक क्यालेन्डर र निर्देशनअनुसार सम्पूर्ण बिदालगायत व्यवस्थापन गरिँदै आएको छ । माथिल्ला र तल्ला कक्षाहरूबिच कुनै किसिमको विभेद नगरी अभिभावक तथा स्थानीय निकायको समन्वयमा नियमसङ्गत ढङ्गले पठन-पाठनको तालमेल मिलाइएको छ ।

दिवा खाजा कार्यक्रम नेपाल सरकार तथा नगरपालिकाको मापदण्डअनुसार सञ्चालन भइरहेको छ । खाजा खर्चको भुक्तानी दैनिक रूपमा कक्षा शिक्षकले तयार पारेको हाजिरी अभिलेखको आधारमा नै व्यवस्थापन गरिने भएकोले सोहीअनुसार गरिँदै आएको छ ।

श्री पद्म मा.वि. आफ्नो ऐतिहासिक गरिमा, शैक्षिक गुणस्तर र समावेशी वातावरणप्रति पूर्ण प्रतिबद्ध छ । यो विद्यालय नगरकै उदाहरणीय शैक्षिक संस्थाको रूपमा स्थापित हुन निरन्तर प्रयासरत छ ।"

विद्यालयले तथ्यहीन र प्रायोजित भ्रामक प्रचारको पछि नलाग्न सम्पूर्ण अभिभावक, विद्यार्थी तथा शुभचिन्तकहरूमा अनुरोध गरेको छ ।

त्यस्तै सो विद्यालयले जिल्ला प्रहरी परिसरलाई आवश्यक कारबाहीको प्रक्रिया अघि बढाउन अनुरोध गरेको छ ।

# सामुदायिक र निजी विद्यालयबिच शिक्षाको गुणस्तरमा तुलना

**- कृष्टिना कोजु, प्रशिक्षार्थी**

भक्तपुर, २५ भदौ । नेपालमा बालबालिकाको शिक्षाका लागि सामुदायिक विद्यालय र निजी विद्यालयबिच कुन राम्रो भन्ने विषयमा अभिभावक, विद्यार्थी र समाजमा चर्चा भइरहेको छ । दुवै प्रकारका विद्यालयले विद्यार्थीलाई शिक्षा प्रदान गर्दै आए पनि शिक्षण पद्धति, शुल्क, भौतिक / सुविधा, व्यवस्थापन र विद्यार्थीहरूप्रति ध्यानमा केही फरक देखिन्छ । यही कारणले धेरै अभिभावकहरूले आफ्ना बालबालिकाका लागि विद्यालय छनोट गर्दा विभिन्न पक्षलाई विचार गर्ने गरेका छन् ।

सामुदायिक विद्यालयमा शुल्क कम हुने भएकोले सबै आर्थिक अवस्थाका परिवारका बालबालिकाले शिक्षा लिन सक्छन् । पछिल्लो समयमा केही सामुदायिक विद्यालयले प्रविधिको प्रयोग र आफ्नो शैक्षिक वातावरणमा सुधार गर्दै आएका छन् । सामुदायिक विद्यालयमा विभिन्न आर्थिक तथा सामाजिक पृष्ठभूमिका विद्यार्थीहरू सँगै पढ्ने भएकाले एकअर्कासँग घुलमिल हुने र सामाजिक विविधता बुझ्ने अवसर मिल्छ ।

तर, केही सामुदायिक विद्यालयमा पर्याप्त कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला तथा अन्य शैक्षिक सामग्रीको अभाव देखिन्छ । कतिपय विद्यालयमा विद्यार्थी सङ्ख्या धेरै हुँदा शिक्षकले प्रत्येक विद्यार्थीलाई पर्याप्त समय दिन कठिन हुन सक्छ ।

तर, निजी विद्यालयमा अध्ययन गर्दा शुल्क बढी लाग्न सक्छ । विद्यालयको स्तरअनुसार मासिक शुल्कसँगै विभिन्न खर्च पनि हुन सक्छ । यसकारण, आर्थिक रूपमा कमजोर परिवारका लागि निजी विद्यालयमा बालबालिकालाई पढाउन कठिन हुन सक्छ । त्यसैले धेरै सुविधा भएको विद्यालय नै सधैँ राम्रो दिने विद्यालय हुन्छ भन्ने आवश्यक छैन ।

शिक्षाको गुणस्तर विद्यालय सामुदायिक वा निजी भएकै आधारमा मात्र निर्धारण हुँदैन । शिक्षकको क्षमता, पढाउने तरिका, विद्यालयको व्यवस्थापन, विद्यार्थीमैत्री वातावरण, अभिभावकको सहयोग र विद्यार्थीको मेहनत पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । राम्रो व्यवस्थापन र योग्य शिक्षक भएको सामुदायिक विद्यालयले पनि राम्रो शिक्षा दिन सक्छ भने सुविधा भएको निजी विद्यालयमा पनि शिक्षण कमजोर हुन सक्छ ।

अतः सामुदायिक विद्यालय वा निजी विद्यालयमा कुन राम्रो भन्ने प्रश्नको एउटै निश्चित उत्तर छैन । राम्रो विद्यालय त्यो हो, जहाँ विद्यार्थीहरू गुणस्तरीय शिक्षा, सुरक्षित वातावरण, योग्य शिक्षक र सिक्ने पर्याप्त अवसर पाउँछन् । त्यसैले सामुदायिक विद्यालय र निजी विद्यालयलाई मात्र प्रतिस्पर्धाका रूपमा हेर्नुभन्दा दुवै क्षेत्रका कमजोरीहरू सुधार गरी सबै बालबालिकाहरू समान अवसरसहित गुणस्तरीय शिक्षा पाउने वातावरण निर्माण गर्नु आवश्यक छ ।

# प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. १२ अर्ब ४३ करोडभन्दा बढी

काठमाडौँ, २५ भदौ । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा हाल रु. १२ अर्ब ४३ करोड ३३ लाख १० हजार ४१ मौज्दात छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार बिहीबार बिहान ९:०० बजेसम्मको विवरणअनुसार विभिन्न नौवटा बैङ्कमा रु. ९ अर्ब १४ करोड ३९ लाख ९८ हजार ५०३ मौज्दात छ ।

त्यस्तै, कोषका दुई वटा बैङ्कमा रहेको डलर खातामा दुई करोड १६ लाख ३७ हजार ६९१ अमेरिकी डलर जम्मा भएको छ ।

नेपाली रुपैयाँ र अमेरिकी डलरको मौज्दात जोड्दा कोषको कुल उपलब्ध रकम रु. १२ अर्ब ४३ करोड ३३ लाख १० हजार ४१ पुगेको कार्यालयले जनाएको छ ।

विवरणअनुसार भदौ २५ गते मात्रै नेपालीतर्फ रु. १७ करोड २५ लाख ६९ हजार ६७५ र अमेरिकी डलरतर्फ २ लाख ७४ हजार ६२ डलर थप सङ्कलन भएको छ ।

राहत कोषबाट केही दिन अघि रसुवाको भोटेकोसी नदीमा आएको बाढीबाट पीडितलाई राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत रु. १ अर्ब निकासा गरिएको थियो ।

## सङ्क्षिप्त समाचार

# नेपाल एसीसी इमर्जिङ टिम्स एसिया कपमा छनोट

काठमाडौँ, २५ भदौ । नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोली एसीसी इमर्जिङ टिम्स एसिया कपमा छनोट भएको छ । बिहीबार एसीसी प्रिमियर कपको फाइनलमा स्थान बनाएसँगै नेपालले इमर्जिङ टिम्स एसिया कपमा पनि स्थान सुरक्षित गरेको हो ।

एसियन क्रिकेट काउन्सिल (एसीसी) को प्रावधानअनुसार प्रिमियर कपको फाइनल पुग्ने दुई टोली र तेस्रो हुने टोलीले इमर्जिङ टिम्स एसिया कपमा स्थान बनाउँछन् । नेपाल दोस्रो पटक यस प्रतियोगितामा छनोट भएको हो ।

नेपाल आसन्न संस्करणको सिनियर एसिया कपमा भने छनोट हुन बाँकी छ । यदि त्यो प्रतियोगितामा स्थान पक्का गर्ने हो भने शनिबार हुने एसीसी प्रिमियर कपको फाइनलमा युएईलाई हराउनुपर्नेछ ।

नेपाल र युएईले बिहीबार भएको सेमिफाइनलमा जित निकाल्दै फाइनलमा स्थान सुरक्षित गरेका हुन् । सेमिफाइनलमा नेपालले ओमानलाई ८७ रन तथा युएईले हङकङलाई सात विकेटले हरायो । नेपाल दोस्रो तथा युएई तेस्रोपटक प्रिमियर कपको फाइनल खेल्ने तयारीमा छन् ।

# उद्योगमन्त्री यादवद्वारा राजीनामा

काठमाडौँ, २५ भदौ । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले पदबाट राजीनामा दिनुभएको छ । बिहीबार उहाँले प्रधानमन्त्री बालेन्द्र साहसमक्ष राजीनामा बुझाउनुभएको हो ।

मन्त्री यादवको सचिवालयले भनेको छ, "उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले बिहीबार प्रधानमन्त्री बालेन शाहसमक्ष राजीनामा बुझाउनुभएको छ ।"

मन्त्री यादवमाथि पेट्रोल, डिजेल र ग्यास लगायत अन्य उपभोग्य वस्तुको अभावलाई सम्बोधन गर्न नसकेको आरोप लागेको थियो ।

# मास्के ग्यालरीमा 'प्रतिध्वनि' कला प्रदर्शनी सुरु

काठमाडौँ, २५ भदौ । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानले बिहीबारबाट 'प्रतिध्वनि' कला प्रदर्शनी सुरु गरेको छ ।

जेनजी आन्दोलनका सहिद, कलाकार विनोद महर्जन तथा आन्दोलनका घाइते फोटोग्राफर दीपेन्द्र ढुङ्गानाको जीवन समेटिएका तस्बिर प्रदर्शनीमा राखिएका छन् ।

प्रतिष्ठानको चन्द्रमानसिंह मास्के ग्यालरीमा गरिएको प्रदर्शनी भदौ २८ गतेसम्म रहनेछ ।

दिवङ्गतसहित कलाकार महर्जन मूर्तिकला, काष्ठकला, धातुकला, चित्रकला तथा परम्परागत कलामा दक्ष हुनुहुन्थ्यो । उहाँले विसं २०७० देखि धातुको मूर्तिको मुहार चित्रण तथा 'फिनिसिङ' गर्ने कलाकारका रूपमा काम गर्नुभएको थियो ।

सुन तथा चाँदीको इलेक्ट्रोप्लेटिङमा महर्जन दक्ष हुनुहुन्थ्यो । उहाँका सीपमा काठका मूर्ति तथा नकासी गर्ने, एक्रिलिक तथा क्यानभासमा चित्र बनाउनेलगायत काम पर्दछन् ।

नयाँ पत्रिका दैनिकमा कार्यरत दीपेन्द्र ढुङ्गना फोटो पत्रकारितामा विगत छ वर्षदेखि सक्रिय छन् । उहाँले बिबिसी, नोओस्फियर, मोङ्गाबे र निक्केई एसियाजस्ता अन्तरराष्ट्रिय सञ्चारमाध्यमा पनि आबद्ध भई काम गर्नुभएको छ ।

# सङ्घीय अस्पतालमा शवगृह बनाइने

काठमाडौँ, २५ भदौ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले विपद्का समयमा ठूलो सङ्ख्यामा शव व्यवस्थापन गर्न सक्ने गरी शवगृह निर्माण गर्ने योजना अघि सारेको छ ।

मन्त्रालयले देशका विभिन्न १२ वटा सङ्घीय अस्पताल तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रत्येक अस्पतालमा कम्तीमा ५० शव अट्ने क्षमताको शवगृह निर्माण गर्ने भएको छ ।

कोसी अस्पताल, नारायणी अस्पताल, गजेन्द्र नारायण सिंह अस्पताल, भरतपुर अस्पताल, भेरी अस्पताल र डडेलधुरा अस्पतालमा शवगृहको क्षमता विस्तार तथा निर्माणका लागि प्रक्रिया अघि बढाइनेछ ।

त्यस्तै, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, बीपी कोइराला, पाटन, पोखरा, राप्ती र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एकपटकमा कम्तीमा ५० शव व्यवस्थापन गर्न सक्ने क्षमताको शवगृह निर्माण तथा क्षमता विस्तार गरिनेछ ।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले विगतका विपद्का क्रममा शव व्यवस्थापनमा देखिएका कठिनाइ र पछिल्लो भोटेकोसी बाढीमा शव व्यवस्थापन चुनौतीपूर्ण बनेको अवस्थालाई ध्यानमा राख्दै अस्पतालमा यस्तो पूर्वाधार आवश्यक रहेको बताउनुभयो ।

विपद् व्यवस्थापन सिकाइका आधारमा भविष्यमा यस्ता समस्या दोहोरिन नदिन अस्पतालमै पर्याप्त क्षमताको शवगृह निर्माण गर्नुपर्ने उहाँको भनाइ छ ।

मन्त्री मेहताले फरेन्सिक मेडिसिनको महत्त्व बढ्दै गएको तथा मेडिको-लिगलसम्बन्धी कार्यलाई प्रभावकारी बनाउन शवगृहको क्षमता विस्तार अपरिहार्य रहेको बताउनुभएको छ ।

विपद् पूर्वतयारी र प्रतिकार्य क्षमता सुदृढ गर्दै शव व्यवस्थापनलाई सुरक्षित, व्यवस्थित, मर्यादित तथा वैज्ञानिक बनाउन तथा फरेन्सिक र मेडिको-लिगल सेवा विस्तारमा सहयोग पुऱ्याउने उद्देश्यले यस्तो पूर्वाधार विकास गर्न लागिएको हो ।

# बेत्रावतीस्थित होल्डिङ सेन्टरमा ख्वप अस्पतालको नि:शुल्क स्वास्थ्य शिविर तथा औषधि वितरण




रसुवा, २५ भदौ । भदौ १० गते रसुवा भोटेकोशी नदीमा आएको बाढी प्रभावित नागरिकको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालले बेत्रावतीस्थित होल्डिङ सेन्टरमा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । अस्पतालका मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लको नेतृत्वमा गएको १३ सदस्यीय चिकित्सक तथा स्वास्थ्यकर्मीको टोलीले बाढीबाट प्रभावित तथा विस्थापित नागरिकहरूको स्वास्थ्य परीक्षण गर्नुका साथै आवश्यक उपचार र स्वास्थ्यसम्बन्धी परामर्श तथा नि:शुल्क औषधि वितरण गरिएको थियो ।

विपद्बाट प्रभावित नागरिकलाई तत्काल स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले सञ्चालन गरिएको शिविरबाट होल्डिङ सेन्टरमा आश्रय लिइरहेका नागरिक लाभान्वित भएका छन् ।

# भोटेकोसी बाढीपछि वीरगञ्ज नाकामा दैनिक ७० प्रतिशतले आयात बढेको दाबी

बारा, २५ भदौ । भोटेकोसी बाढीपछि वीरगञ्ज नाकाबाट दैनिक ७० प्रतिशत आयात बढेको वीरगञ्ज भन्सार कार्यालयले दावी गरेको छ ।

विनासकारी बाढीसँगै रसुवा र तातोपानी भन्सार नाका अवरुद्ध भएपछि चीनबाट आयात हुने कतिपय मालवस्तु अवरुद्ध नाका परिवर्तन गरी वीरगञ्जबाट भित्रिन थालेपछि आयात बढेको वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक कृष्णप्रसाद मैनालीले बताउनुभयो ।

"दसैं, तिहार र छठजस्ता प्रमुख चाडपर्व नजिकिएसँगै लत्ताकपडा, जुत्ता, सजावटजन्य सामग्री, ड्राइ फ्रुट, चकलेटलगायतका मालवस्तु ल्याउँदा आयात बढ्नु स्वभाविक हो" उहाँले भन्नुभयो, "अन्य महिनाको तुलनामा दसैंमा आयात बढ्ने नै हो, तर यसपटक उत्तरतर्फका प्रमुख दुईनाका अवरुद्ध हुँदा वीरगञ्जमा दबाब बढेको छ ।"

प्रमुख भन्सार प्रशासक मैनालीका अनुसार उत्तरी नाका अवरुद्ध रहेको अवस्थामा व्यापारीले दक्षिणी नाकाबाट भए पनि चाडपर्व लक्षित सामान आयात गरिरहेका छन् । दसैं तथा अन्य पर्व लक्षित गरेर बुकिङ गरिएका मालसामान नाका परिवर्तन गरेर भएपनि ल्याउन थालिएको छ । लामो समयसम्म यस्तै अवस्था कायम रहे भन्सार कारोवार वृद्धि भई लक्ष्यभन्दा बढी राजश्व सङ्कलन हुनु स्वाभाविकै हो ।

वीरगञ्ज भन्सारअन्तर्गतको सिर्सिया सुक्खा बन्दरगाहबाट रेलमार्फत चीनबाट आयात भएका केही सामान भित्रिन सुरु भइसकेको तथा चाडपर्व लक्षित सामानसँगै इन्धन, सवारी साधन, निर्माणजन्य, खाने तेललगायतका मालवस्तु नियमित आयात भइरहेकाले भदौ महिनामा वीरगञ्ज भन्सारको राजस्व असुली उत्साहजनक रहेको उहाँले स्पष्ट पार्नुभयो ।

"आयातको मात्रा बढेकै कारण राजस्व असुलीमा पनि सुधार देखिएको छ," उहाँले भन्नुभयो, "अहिले दैनिक ७० प्रतिशतले राजस्व असुली बढेको तथ्याङ्क छ ।" भदौ महिनाको राजस्व असुली लक्ष्य रु. २३ अर्ब ५२ करोड रहेकोमा २४ गते बुधवारसम्म ९३ दशमलव ३७ प्रतिशत राजस्व सङ्कलन भइसकेको प्रमुख भन्सार प्रशासक मैनालीले जानकारी दिनुभयो ।

प्रमुख भन्सार प्रशासक मैनालीका अनुसार चालु आर्थिक वर्षमा वीरगञ्ज भन्सार कार्यालयले रु. दुई खर्ब ९३ अर्ब राजस्व असुली गर्ने लक्ष्य पाएको छ । भोटेकोसी बाढी लगतै राजस्व असुलीमा केही कमी आए पनि अहिले चिनियाँ सामग्री पनि भित्रिन थालेपछि उत्साहजनक वृद्धि भएको छ ।

भोटेकोसी बाढीले राजधानी काठमाडौँ भित्रिने मुख्य सडक अवरुद्ध भएपछि मालवाहक ठुला गाडीले वैकल्पिक सडक प्रयोग गर्नुपरेको तथा एउटा कन्टेनरबाट ल्याएका सामान तीन वटामा राखी ढुवानी गर्नुपर्ने भएकाले चाडवाडको अवसरमा बजार मूल्य बढ्ने होकी भनी उपभोक्तावादी सङ्घसंस्थाले चिन्ता व्यक्त गरेका छन् । विपद्को क्षणमा सडक तथा ढुवानी यातायातलाई देखाएर मनपरी ढङ्गबाट मूल्य बढ्नसक्ने आशङ्कासहित बजार अनुगमनमा जोड दिन र उपभोक्ता स्वयं सचेत हुन अनुरोध गरिएको छ । *(रासस)*

# जुम्लामा १०४ जनाले लिए जन्म र मृत्युमा दिइने अनुदानको चामल

जुम्ला, २५ भदौ । जुम्लास्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट गत आर्थिक वर्षमा जुम्लाका आठ स्थानीय तहका ९०४ जनाले जन्म र मृत्युको बेला दिइने ३० केजी चामल प्राप्त गरेका छन् ।

जन्मतर्फ ५५८ र मृत्युतर्फ ३४६ जनाले अनुदानमा चामल लिएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी शाखा कार्यालय जुम्लाका प्रमुख मनोज जोशीले जानकारी दिनुभयो ।

त्यस्तै मोटा चामल लिनेमा जन्मतर्फ ५०९, मृत्युतर्फ ४९ जना रहेकाछन् । कार्यालयका अनुसार जिरो मसिनो चामल लिनेमा जन्मतर्फ ३११ र मृत्युतर्फ ३५ जना रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी शाखा कार्यालय जुम्लाका प्रमुख जोशीको भनाइ छ ।

जन्म र मृत्यु हुँदा गत आवमा रु. १९ लाख ७२ हजार बराबरको २७१ क्विन्टल चामल वितरण भएको छ । चामल उपलब्ध गराउँदा ज्यालामा भने चार लाख २८ हजार ५०० खर्च भएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी शाखा कार्यालय जुम्लाका प्रमुख जोशीले बताउनुभयो ।

उक्त अनुदानको चामल लिनेलाई यतायात खर्च दिने गरेको छ । जसमध्ये जन्मतर्फ २२० जनालाई एक हजार, ३८० जनालाई ५०० र मृत्युतर्फ १९ जनालाई एक हजार र ३५ जनालाई ५०० यतायात खर्च प्रदान गरिएको छ ।

यसैगरी हिमा, सिंजा, तिला र कनकासुन्दरी गाउँपालिका स्थानीयले चामलसहित एक हजार यातायात खर्च पाउने गरेकाछन् । तातोपानी, गुठीचौर, पातारासीका र चन्दनाथ नगरपालिका स्थानीयलाई ५०० यतायात खर्च दिने व्यवस्था रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी शाखा कार्यालयले जनाएको छ ।

# बाँकेमा फरार १७१ जना कैदी तथा बालबन्दी पक्राउ

बाँके, २५ भदौ । जेनजी आन्दोलनको एक वर्षमा बाँकेका दुई वटा बालसुधारगृह र एउटा कारागारबाट फरार भएका ३४० जनामध्ये १७१ जना कैदी तथा बालबन्दीलाई पक्राउ गरिएको छ ।

सो अवधिमा अझै १६९ जना बालबन्दी तथा कैदी बन्दी सम्पर्कमा आउन सकेका छैनन् । गत वर्ष भदौ २३ र २४ गते राति उनीहरू फरार भएका थिए ।

जिल्लाको बैजनाथ गाउँपालिकास्थित नौबस्ता बालसुधारगृह, डुडुवा गाउँपालिकास्थित जयन्दु बालसुधारगृह र नौबस्ता क्षेत्रीय कारागारबाट भागेका थिए । तीमध्ये जयन्दु बालसुधारगृहबाट भागेका ११५ जनामध्ये ६८ जना, नौबस्ता बालसुधारगृहबाट भागेका ७८ जनामध्ये ४७ जना र क्षेत्रीय कारागार नौबास्ताबाट फरार भएका १४७ जनामध्ये ५६ जना पक्राउ परेका छन् ।

जयन्दु बालसुधारगृहका प्रमुख किशोर शर्माले आन्दोलनका समयमा सुधारगृहबाट भागेका ११५ बालबन्दीमध्ये ६८ जना पक्राउ परेको जानकारी दिनुभयो । उहाँले अझै ४७ जना फरार रहेको उल्लेख गर्दै उनीहरूको खोजीकार्य जारी रहेको बताउनुभयो । शर्माका अनुसार फरार भएकामध्ये केहीलाई विभिन्न स्थानबाट पक्राउ गरिएको र केही आफैं सुधारगृहमा फर्किएका थिए ।

नौबस्ता बालसुधारगृहका प्रमुख श्यामबहादुर रानाले जेनजी आन्दोलनका क्रममा सुधारगृहमा रहेका १७६ बालबन्दीमध्ये ७८ जना भागेको बताउनुभयो । सो क्रममा प्रहरीसँगको झडपमा पाँच जना बालबन्दीको मृत्यु भएको थियो । उहाँले फरारमध्ये ४७ जना पक्राउ परिसकेको र ३१ जनाको खोजी भइरहेको छ ।

नौबस्ता क्षेत्रीय कारागारबाट फरार भएका १४७ कैदीमध्ये एक वर्षको अवधिमा ५६ जना पक्राउ परेका छन् । कारागार प्रमुख दलबहादुर बस्नेतले १८ जना भारतीय नागरिकसहित ९१ जना अझै सम्पर्कविहीन भएको जानकारी दिनुभयो । आन्दोलनका बेला सो कारागारमा ५८५ कैदी रहेका थिए । *(रासस)*

। सम्पादकीय ।

# मन्त्रीको राजीनामाले रास्वपाको असफलता छोपिँदैन

रास्वपा सरकारका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले भदौ २५ गते बिहीबार पदबाट राजीनामा दिएको सार्वजनिक भयो । यसअघि मन्त्री यादवले भदौ २४ गते बुधबार प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता समितिको बैठकमा प्रश्नसहित भनेकी थिइन्, "उद्योगीहरूलाई पाता नफर्काएसम्म ग्यास सहज हुँदैन । यो मेरो अन्तिम विश्लेषण हो । हाम्रो देश (नेपाल) मा ५८ ओटा ग्यास उद्योग चाहिएको होइन । ठुलठुलो देशमा ३ ओटाभन्दा बढी छैन भने यहाँ ग्यास उद्योग किन ५८ ओटा छ ?"

मन्त्री यादवको थप भनाइ थियो, "करोडौँ लिएर उद्योगीहरूलाई ग्यास उद्योग अनुमति दिइएको हो । विगतमा ती उद्योगीहरूले बुझाएको करोडौँ त उठाउनुपर्‍यो नि ! उनीहरूले अहिले उठाइरहेका छन् ।" मन्त्री यादवले कर्मचारीतन्त्र र उद्योगीहरूले आफ्नो स्वार्थअनुकूल काम गरेका कारण ग्यास अभाव भएको आरोप लगाइन् भने मन्त्रालयका कर्मचारीहरू उद्योगीको मिलेमत्तोमा चलेको र आफूलाई काम गर्न नदिइएको गुनासो गरिन् । उपभोक्ताको हितमा ऐन नियम संशोधन गर्न कर्मचारी नमानेको र सिधै अस्वीकार गरिएको मन्त्री यादवले समिति बैठकमा बताइन् ।

रास्वपाको सरकार 'नयाँ सीसीमा पुरानै रक्सी' भएको सुरुदेखि नै जनताबिच चर्चा थियो । यतिखेर थप पुष्टि भयो । सरकारले भदौ १९ गते प्रतिसिलिन्डर रु. १०५.३८ ढुवानी भनी मूल्य बढाएर रु. २१६५।- पुर्‍याएको थियो । तर, ग्यास सुलभ नहुँदा कतिपय ठाउँमा उपभोक्ताले तोकिएको मूल्यभन्दा सयौँ रूपैयाँ बढी तिरेर किन्नुपर्ने अवस्था छ । नेपाल आयल निगमको सञ्चालक समिति अध्यक्षमा उद्योग-वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव नै हुने व्यवस्था छ । सचिव सक्षम नभएको भए सञ्चालक समितिको अध्यक्षमा मन्त्री नै भएर ग्यास आपूर्ति सहज बनाइनुपर्दथ्यो । तर, मन्त्री यादवले ग्यास आपूर्ति सहज बनाउन नसक्दा पदबाट राजीनामा दिइन् ।

सञ्चार माध्यममा प्रकाशित भयो, "ग्यासका लागि उपभोक्ताका खाली सिलिन्डर लामो लाइनमा छन् । त्यसको फाइदा उठाएर व्यापारीले कालोबजारी सुरु गरेका हुन् ।" रास्वपा सरकार सुशासन कायम गर्ने दाबीसहित आएको हो । तर, झन्डै दुईतिहाइको सामर्थ्य हुँदासमेत रास्वपा सरकारले खाना पकाउने ग्यास र रासायनिक मलको बन्दोबस्त सहज बनाउन सकेन भने देशभित्र रोजगारी त अब कसरी आशा गर्ने ?

रास्वपा सरकारले कालाबजारियालाई नियन्त्रण गर्न नसक्नुको कारण सरकार गठनका हस्तीहरूको बिचौलियासँग साँठगाँठ नै हुनुपर्दछ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले केही दिनअघि प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको बैठकमा रास्वपा सरकारको कार्यकालमा पनि बिचौलिया यथावत रहेको भाष्य राखेको थियो । के अब राईविरुद्ध रास्वपाले महाभियोग दर्ता गर्ने हो ? रास्वपाका सांसद हरिमोहन भण्डारीले पनि नैतिकताको आधारमा उद्योग समितिको सदस्यबाट राजीनामा दिने घोषणा गरे । यसबारे आलोचकहरूले सांसदबाटै राजीनामा दिनुमात्र नैतिक हुने बताए । उद्योग समितिको बैठकमा रास्वपाकै एक सांसदले मन्त्री यादवलाई नसक्ने भए राजीनामा दिनुपर्ने उल्लेख गर्दै आफूले जिम्मेवारी पूरा गर्ने बताएका थिए ।

मन्त्री यादवको राजीनामा पछि रास्वपाले सुनसरी ४ बाट निर्वाचित दीपककुमार साहलाई उद्योगमन्त्री बनायो तर रास्वपाले मन्त्री परिवर्तन गरेर जनताको आक्रोशलाई थामथुम पार्ने काम गर्नु उचित होइन । रास्वपाले निर्वाचनको बेला कुन कुन उद्योगी-व्यापारीसँग मोटो रकम चन्दा लिएर झन्डै दुईतिहाइमा पुगेको हो । यसबारे जनतालाई खुलस्त बताउनु जरुरी छ । हिजो सरकार पक्षलाई मत दिएका जनतालाई रातारात रास्वपामा कसरी तानियो, अब बिस्तारै खुल्दै आउने होला ! रास्वपाका नेताहरूले चुनावको बेला पैसा नहुनेले उपचार र शिक्षा पाउने वाचा गरेका थिए । आज रास्वपाको सरकारमा पैसा नभएको कारण एक गर्भवती महिला सप्तरीको सरकारी अस्पतालबाट निकालिएपछि सडकमै सुत्केरी भइन् । कस्तो दुःखद !

# नाकाबन्दी र बमबारीले अन्त्य गर्ने छैन इरानको युद्ध

✍ अमिन सैकल

राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राज्य अमेरिकालाई इरानसँगको यस्तो युद्धमा फसाएका छन्, जसमा न त सजिलै जित हासिल गर्न सकिन्छ, न त सजिलै बाहिर निस्कन नै । ट्रम्पले यसलाई 'सानो अभियान' को संज्ञा दिँदै यो केही हप्तामै टुङ्गिने बताएका थिए । तर, यो युद्ध अहिले सातौँ महिनामा प्रवेश गरिसकेको छ र यसको अन्त्यको कुनै सङ्केत देखिएको छैन ।

ट्रम्पले तेहरानलाई 'स्टेट अफ हर्मुज' (युद्धअघि जहाँ स्वतन्त्र रूपमा जलयात्रा गर्न सकिन्थ्यो) पुनः खुला गर्न र आफ्नो आणविक कार्यक्रमबारे सम्झौता गर्न बाध्य पार्न आवश्यक भएसम्म यो द्वन्द्व जारी राख्न आफू तयार रहेको बताएका छन् (यद्यपि, विज्ञहरूका अनुसार युद्धअघि इरान आणविक हतियार बनाउने चरणमा पुगेको थिएन) ।

दुवै पक्ष अहिले समय-समयमा हुने झडपबिच एक खतरनाक अनिर्णीत अवस्थामा छन् । यसै साता दुवै पक्षले एक-अर्काविरुद्ध आक्रमण गरे, अमेरिकाले इरानको लराक टापुलाई निसाना बनायो भने 'इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स' ले जोर्डन र संयुक्त अरब इमिरेट्समा रहेका अमेरिकी सैन्य आधारमा आक्रमण गरी त्यसको जवाफ दियो । यसैबिच, द्वन्द्वको शान्तिपूर्ण समाधान खोज्ने दिशामा कुनै ठोस वार्ता भइरहेको छैन ।

**पटक-पटक विजयको दाबी**

फेब्रुअरीको अन्त्यतिर युद्ध सुरु गर्दा (जुन मुख्यतया इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको उक्साहटमा गरिएको थियो) ट्रम्प र उनका रक्षामन्त्री पिट हेगसेथले बारम्बार भनेका थिए कि यो युद्ध छोटो र कम खर्चिलो हुनेछ । उनीहरूले अमेरिकालाई लामो युद्धमा फसाएको भन्दै अघिल्ला अमेरिकी नेताको कडा आलोचना गरेका थिए । तर, ट्रम्पले कुनै ठोस रणनीतिक योजनाबिना नै कदम चालेका थिए । उनको प्रशासनले अमेरिकी धम्कीको सामना गर्न इरानी शासनको दृढता र तयारीलाई कम आँकलन गर्‍यो । साथै, बाह्य आक्रमणको सामना गर्दा इरानी समाज एकजुट हुनसक्छ भन्ने कुराको पनि उनीहरूले पूर्वानुमान गर्न सकेनन् ।

यति हुँदाहुँदै पनि ट्रम्पले बारम्बार सैन्य विजयको दाबी गरे । उनले इरानको प्रतिरक्षा क्षमता ध्वस्त पारिएको र अमेरिकाले इरानलाई शान्ति सम्झौता स्वीकार गर्न बाध्य पारेको घोषणा गरे । तर, यो दाबी हतारमा गरिएको थियो । तेहरानले आफ्नो आक्रामक क्षमतालाई अपेक्षाभन्दा छिटो कायम राख्न र पुनर्निर्माण गर्न मात्र सकेन, बरु अमेरिका र विश्वलाई दबाब दिन 'होर्मुज जलसन्धि' माथि नियन्त्रण कायम गरी त्यसलाई एक महत्त्वपूर्ण रणनीतिक अस्त्रका रूपमा प्रयोग गर्न पनि सफल भयो ।

मे महिनासम्म आइपुग्दा तेहरान बलियो स्थितिमा थियो र आफ्ना मुख्य माग पूरा नहुने कुनै पनि सम्झौतामा वार्ता गर्न अनिच्छुक थियो । ती मागमा निम्न कुरा समावेश थिए :

- सबै मोर्चामा युद्धविराम (लेबनानमा हिजबुल्लाहविरुद्ध इजरायलको आक्रमणसहित)
- इरानको अर्बौं डलरबराबरको रोक्का गरिएको सम्पत्ति फुकुवा
- युद्धको क्षतिपूर्ति
- हर्मुज जलसन्धिको व्यवस्थापन गर्ने अधिकार
- इरानमाथि अमेरिका र इजरायलबाट हुने जुनसुकै प्रकारको धम्कीको स्थायी अन्त्य ।

यी माग ट्रम्पले जून महिनामा इरानी नेतृत्वसँग हस्ताक्षर गरेको अस्पष्ट भाषाको समझदारी पत्रमा समावेश थिए, उक्त नेतृत्वमा त्यसबेला आईआरजिसी (इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स) का कट्टरपन्थीको वर्चस्व थियो । यो सम्झौता तेहरानको पक्षमा भएकाले ट्रम्पले यसलाई लामो समयसम्म कायम राख्न सकेनन् ।

रिपब्लिकन पार्टीका प्रभावशाली नेता र नेतन्याहुको दबाब बढेपछि ट्रम्प पछि हटे र नयाँ आक्रमण सुरु गरे । तेहरानले पनि सम्झौता जोगाउने कुनै प्रयास गरेन, किनभने ट्रम्पलाई सकेसम्म बढी राजनीतिक क्षति पुर्‍याउनु नै उसको हितमा थियो । त्यसयता, ट्रम्पले इस्लामिक शासन व्यवस्थालाई तेल बिक्रीबाट प्राप्त हुने राजस्वबाट वञ्चित गर्न इरानी बन्दरगाहमा अमेरिकी नाकाबन्दी पुनः लागू गरेका छन् र तेहरानलाई तर्साउन समय-समयमा सैन्य आक्रमण पनि गरेका छन् । तर, गतिरोध भने कायमै छ ।

**'आर्थिक डी-डे'**

संरा अमेरिकामा मध्यअवधि निर्वाचन नजिकिँदै गर्दा ट्रम्प प्रशासनले गत साता 'अप्रेसन इकोनोमिक आउटकास्ट' को घोषणा गर्‍यो । यो इरानलाई आर्थिक रूपमा कमजोर बनाउने र विश्वस्तरमा एक्ल्याउने उद्देश्यले लगाइएको व्यापक प्रतिबन्ध हो । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले यसलाई 'आर्थिक डी-डे' (निर्णायक आर्थिक प्रहारको दिन) को संज्ञा दिए । यद्यपि, विभिन्न कारणले गर्दा यो नीतिले पनि इरानलाई घुँडा टेकाउन सक्ने सम्भावना कमै देखिन्छ ।

चीन र रुस दुवैले वासिङ्टनको यस कदमलाई अस्वीकार्य भन्दै खारेज गरेका छन् । इरानका छिमेकी मुलुकमध्ये कसैले पनि (विशेषगरी पाकिस्तान, इराक र टर्कीले) हालसम्म यी प्रतिबन्ध लागू गर्ने बताएका छैनन् । अमेरिका र इजरायलसँगको घनिष्ठ सहकार्यका कारण संयुक्त अरब इमिरेट्सले मात्र इरानसँगको वित्तीय कारोबार र व्यापार रोकेको छ । इतिहासले देखाएअनुसार दबाबको माध्यमका रूपमा प्रतिबन्ध बिरलैमात्र सफल भएका छन् । सायद दक्षिण अफ्रिकाको रङ्गभेदी शासनविरुद्ध एकरूपताका साथ लागू गरिएको बेलामात्र यस्ता प्रतिबन्ध प्रभावकारी साबित भएका थिए ।

इरानको इस्लामिक शासन व्यवस्थाले सत्तामा रहेको ४७ वर्षमध्ये अधिकांश समय अमेरिकाको नेतृत्वमा लगाइएका प्रतिबन्धलाई सामना गर्दै र छल्ने विकल्प अपनाउँदै आएको छ । उसले पूर्ण आत्मनिर्भरता र आफ्ना व्यापारिक साझेदारमा विविधता ल्याएर यसो गरेको हो । प्रतिबन्धको मार पक्कै पनि इरानी जनताले नै खेपेका छन्, तर त्यहाँको शासन व्यवस्था भने ती प्रतिबन्धका बाबजुद पनि टिकिरहेको छ । अहिले पनि उस्तै नतिजा आउने सम्भावना छ, ट्रम्प प्रशासनका नयाँ प्रतिबन्धले इरानी अर्थतन्त्र र जनताका लागि ठुलो कठिनाइ निम्त्याउनेछन् । तर, त्यहाँको शासन व्यवस्थाले भने आफूलाई जोगाउन सक्ने सम्भावना छ ।

**समाधानको बाटो**

दुवै पक्षले यो गतिरोधलाई फेरि चर्कन दिएर पुनः द्वन्द्व वा लडाइँको स्थिति निम्त्याउनु हुँदैन । साथै, क्षेत्रीय तथा विश्व अर्थतन्त्रमा पर्ने ठुलो असरका कारण 'स्टेट अफ हर्मुज' पनि बन्द रहन सक्दैन । अन्तिम समाधान खोज्नका लागि तेहरान र वासिङ्टनले जून महिनामा भएको समझदारीपत्रमा फर्किएर प्रत्यक्ष वार्ताको प्रक्रिया सुरु गर्नुपर्ने आवश्यकता छ ।

पाकिस्तानी र कतारी मध्यस्थकर्ता दुवै पक्षलाई एकै ठाउँमा ल्याउने प्रयासमा अझै पनि सक्रिय छन् । साथै, खाडी राष्ट्रहरूमा यो द्वन्द्वको अन्त्य होस् भन्ने चाहना पनि देखिन्छ । यी राष्ट्रले भविष्यतर्फ दृष्टि दिँदै इरानलाई एक सशक्त क्षेत्रीय शक्तिका रूपमा स्वीकार गर्न थालेका छन् र आफ्नो मुख्य सुरक्षा प्रदायकका रूपमा अमेरिकामाथिको निर्भरता कम गर्दै छन् । त्यसैले, तीमध्ये सबैभन्दा धनी राष्ट्र साउदी अरबले हालै टर्की (नेटो र मध्यपूर्वमा सबैभन्दा शक्तिशाली सैन्य शक्तिमध्ये एक) र पाकिस्तान (मुस्लिम जगत्‌को एकमात्र आणविक हतियार सम्पन्न राष्ट्र) सँग पारस्परिक रक्षा सम्झौता गरेकोमा कुनै आश्चर्य मान्नुपर्दैन । यस सम्झौतामा सामेल हुने सम्भावनाबारे अन्य कैयौँ क्षेत्रीय राष्ट्रहरू (विशेषगरी इजिप्ट) ले पनि विचार गरेका छन् भने इरानले पनि यसको स्वागत गरेको छ ।

*(सैकल मध्यपूर्वी अध्ययनका प्राध्यापक हुन् ।)*

*- 'द कन्भर्सेसन' बाट*

# ४६ औँ नेपालभाषा साहित्य त:मुंज्याको अपिल !

'जनता म्वा:सा भाषा म्वाई' अर्थात् 'जनता बाँचे भाषा बाँच्छ' भन्ने मूल नारासहित नेपालभाषा साहित्य त:मुंज्या (बृहत् सम्मेलन) नेपाल संवत् ११०० (वि.सं. २०३७) देखि हरेक वर्ष साहित्यिक तथा सांस्कृतिक कार्यक्रमका साथ भइरहेको यहाँहरूलाई अवगत नै छ । यो वर्ष नेपाल संवत् ११४६ कौलाध्व द्वादशी र त्रयोदशी (वि.सं. २०८३ कार्तिक ६ र ७ गते) का दिन भक्तपुर नगरपालिका वडा नं. ७ गोल्मढी, यातामा ४६ औँ त:मुंज्या हुने यहाँहरूलाई जानकारी गराउँदछौँ । यो त:मुंज्यामा यहाँहरू सम्पूर्णलाई हार्दिक आमन्त्रण गर्दछौँ र सदाझैँ आर्थिक, नैतिक तथा भौतिक सहयोगका निम्ति अनुरोध गर्दछौँ ।

भाषा, लिपि, साहित्य, कला-संस्कृति र सम्पदा हाम्रा अमूल्य निधी हुन् । यो अमूल्य सम्पत्तिको उन्नति-प्रगति तथा संरक्षणको लागि योगदान पुर्‍याउनु हामी सबैको साझा कर्तव्य पनि हो । यो गम्भीर जिम्मेवारीमा सरकार पनि सचेत हुनु आवश्यक छ । हाम्रा यी सम्पदा लोप हुनु वा नाश हुनु भनेको मानव सभ्यताको पनि विनाश हुनु हो भन्नेतर्फ त:मुंज्या सचेत छ ।

त:मुंज्या साहित्यिकसँगै राजनीतिक दबु पनि हो । राजनीति देश र जनताको निःस्वार्थ सेवा गर्ने क्षेत्र हो । यो यथार्थलाई पनि त:मुंज्याले आत्मसात् गर्दै आएको छ । त:मुंज्याको दबुमा राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा साहित्य र सांस्कृतिक विधा एवम् मन्तव्यहरू प्रस्तुत हुँदै आएको छ, यो वर्ष पनि चालू हुनेछ ।

गत वर्षको भदौ २३ गते जेनजी आन्दोलनमा घुसपैठ र निहत्था जनताको हत्या, त्यसको भोलिपल्ट भदौ २४ गते देशभरिकै आगजनीसहित विध्वंस मच्चाउन देश र विदेशका प्रतिक्रियावादीहरू क-कसले कसरी दुस्साहन गरे भन्ने विषय पनि त:मुंज्याको दबुमा प्रस्तुत हुने हामी सबैको अपेक्षा हो ।

यही वर्ष भदौ १० गते भोटेकोसी नदीमा आएको हिमपहिरोले रसुवा, नुवाकोट, धादिङ, गोर्खा, चितवनसम्मका हजारौँ नेपाली दाजुभाइ तथा दिदी-बहिनीको ज्यान गयो भने हजारौँ बेपता र घाइते भए तथा हजारौँ परिवार घरवारविहीन भए । नेपालभाषा साहित्य त:मुंज्या हिमपहिरो तथा बाढीमा परी मृत्यु भएकाहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै पीडितहरूप्रति गहिरो दुःख प्रकट गर्दछ । हिमपहिरो पीडितहरूको खोज र उद्धारमा तदारुकताको कमी हुँदा थप जनधनको क्षति भयो भन्ने पीडितहरूको गुनासोप्रति त:मुंज्या ऐक्यबद्धता प्रकट गर्दछ र आगामी दिनमा हुनसक्ने विपत्तिको पूर्वसूचना र पूर्वतयारीमा लाग्न सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ ।

बढ्दो प्रदूषणसँगै पृथ्वीको तापक्रम वृद्धि भएर पनि हिमपहिरोलगायत प्राकृतिक विपत्ति बढिरहेको विषय पनि त:मुंज्याको यो दबुमा प्रस्तुत हुने हाम्रो अपेक्षा हो । नेपालभाषा साहित्य त:मुंज्या तथा सांस्कृतिक कार्यक्रम भव्यरूपमा सम्पन्न गर्न मजदुर, किसान, युवा, विद्यार्थी, शिक्षक, बुद्धिजीवी, महिला, उद्योगी, व्यापारीलगायत सबैको सहयोग र सहभागिताको लागि सम्पूर्णमा हार्दिक अनुरोध गर्दछौँ ।

आयोजक
४६ औँ नेपालभाषा साहित्य त:मुंज्या याता,
गोमारी-७, ख्वप

# तेल सकिँदा के हुन्छ ?

✍ अल्फ्रेड ब्राउन (Alfred Browne)

२० औं शताब्दीले बेलायतका साधारण जनताको जीवनस्तरमा धेरै महत्वपूर्ण सुधारहरू ल्याएकोमा कुनै शङ्का छैन। ती परिवर्तनहरू बिनासङ्घर्ष आएको थिएन। मालिक र मजदुरहरूको सङ्घर्ष, हड्ताल, हड्तालको सम्पत्ति तथा मजदुरहरूको भागमा मालिकहरूको भन्दा कम उपलब्धि, यी सब ती नै सङ्घर्षहरूको परिणाम हुन्। यस क्रममा धनीहरू झन् धनी हुँदैछन् तथापि ती सुधारहरू आएको भने पक्कै हो।

राजा एडवार्डको समय (Edwardian times - १२३७-१९७२) मा संसारको चौथाइ भाग बेलायती साम्राज्य थियो।




बेलायती साम्राज्य विश्वकै सबभन्दा ठूलो साम्राज्य थियो भनी घमण्ड गर्ने शताब्दी बितिसकेको छ। बेलायतको एउटा गरिब नगर योर्क (York) मा कुल जनसङ्ख्याको एक चौथाइ तथा ४० प्रतिशत बालबालिकाको खाना शारीरिक स्वास्थ्यको लागि आवश्यक पोषण मापदण्डभन्दा कम भएको कुरा अर्थविद् सीबोम राउन्ट्री (Seebohm Rowntree) को प्रतिवेदनमा उल्लेख छ। त्यसबेलाको एउटा सामान्य परिवार, ४ जना बालबालिकालाई राम्रोसँग खुवाउन आज एक श्रम मजदुरले बस वा गाडी भाडामा एक पैसा पनि खर्च गर्नुहुँदैन, कुनै सङ्गीत समारोहमा जानुहुँदैन, ती बालबच्चाहरूको लागि किताब, मिठाई वा खेलौना किन्नुहुँदैन, मजदुर सङ्घ वा क्लब, चर्चको कुनै सदस्यता लिनुहुँदैन। अर्को शब्दमा भन्नुपर्दा एकदिनको पनि छुट्टी लिनुहुँदैन।

नियमित रोजगार भएको एक श्रमिकले दुई बालबच्चालाई मात्र खुवाउन सक्ने आशा गर्न सक्दछ। मजदुरवर्गको जीवनमा ३ पटक गरिबीको समय आउँछ, बाल्यवस्थामा, भाइबहिनीहरूले कमाउन सुरु नगर्दा, बिहापछि बालबालिकाहरू साने हुँदा र वृद्धावस्थामा।

हिजोका एडवार्डकालीन गन्हाउने मजदुरहरू बस्ने क्षेत्रमा, आज मजदुरवर्गका सडकहरूमा गाडीहरू पार्क गरिएका छन्, विद्युत् र विद्युतीय उपकरणहरूले गर्दा गृहिणीहरू घरायसी कामबाट मुक्त भएको तथा परिवारिक आर्थिक स्थिति सुधारिँदै लागेका छन्। यो वर्णन कसैलाई पनि विश्व भनेको मानवताको आराम र भलाइको लागि बनाइएको भन्ने कुरामा भ्रमित पार्न पर्याप्त छ अथवा के यो वर्णन नै भ्रम हो? यस विषयलाई लिएर इसाई र यहुदीहरूले आफ्नो धर्मग्रन्थको पहिलो पाठलाई अगाडि सार्न सक्छन् भने अन्य धर्मावलम्बीहरूले पनि त्यस्तै गर्न सक्छन्। धर्म निरपेक्ष, वैज्ञानिक नास्तिकहरू पनि राम्रो जीवनको लागि यस्तो आधार स्वीकार्न तयार छन् तर तिनीहरू ईश्वरको ठाउँमा मानवीय प्रविधिलाई राख्छन्। के यी सबै भ्रम हुन्?

पश्चिमी विश्वका यी सब राम्रा चीजहरू कहाँबाट आउँछन् भन्ने कुरामा कुनै रहस्य छैन। ती सबै उपलब्ध तर पहिले उपयोग नगरिएका ऊर्जा, तेल र ग्यासको भण्डारबाट आउँछन्। ती स्रोतहरू निश्चित मात्रामा मात्र छन् तर तिनीहरू जथाभावी रूपमा प्रयोग गरिएका छन्। माथिको वृतान्तमा उल्लेख भ्रामक विवरण चाँडै नै टुट्नेछ।

सबै मानवीय सभ्यताको सम्पत्ति पृथ्वीमा उपलब्ध ऊर्जाहरूबाट आउँछ। सुरुवाती सभ्यताहरूमा, कृषिले घुमन्ते जीवनको स्थान लिँदा त्यसका शारीरिक शक्तिको ठूलो भूमिका थियो। विशेष गरी ती सदस्यहरू सबै बाँच्नको लागि चाहिने वस्तुहरू उत्पादन गर्थे। तर, तिनीहरू सबै उत्पादनकर्ता थिएनन्। कोही प्रशासन चलाउने र कोही ईश्वरीय ज्ञानको प्रवचन दिन्थे। तिनीहरू आफूलाई उत्पादनकर्ताहरूको रक्षक मान्थे र मजदुरहरूले उत्पादन गर्ने सामग्रीहरूको उपभोग गर्थे। यो व्यवस्था लामो समयसम्म रहयो। अहिले जस्तै त्यो समयमा पनि उत्पादन जारी राख्न र मार्क्सवादी शब्दमा अतिरिक्त मूल्य प्राप्त गर्न अतिरिक्त ऊर्जाको आवश्यकता थियो। त्यो अतिरिक्त ऊर्जा युद्धहरूमा बन्दी बनाइएका दासहरूबाट प्राप्त हुन्थ्यो। त्यसपछि शक्तिशाली जनावरहरू घोडा, गाईभैंसी र हात्तीहरूलाई दास बनाउने काम सुरु भयो। अब आएर शारीरिक शक्तिको ठाउँ तेल र ग्यासले लिएको छ तर अझै पनि सबै हाम्रो ग्रहको एक्लो ऊर्जा स्रोत सूर्यमा निर्भर छ।

हाम्रो ग्रहले सौर्य ऊर्जालाई सोस्ने सामग्रीहरू उपलब्ध गराउँछ, सोस्ने काम जीवनको प्रारम्भिक स्वरूप वनस्पतिले गर्दछ। ती सामग्रीहरू हुन् - पानी ($H_2O$) र आजको प्रमुख प्रदूषक कार्बन डाइअक्साइड (Carbon dioxide - $CO_2$)। वनस्पतिले प्राणी जगतलाई चाहिने आवश्यक सामग्री, ऊर्जाको लागि कार्बोहाइड्रेट र शरीर बनाउन प्रोटिन उत्पादन गर्छ साथै हामीलाई चाहिने अक्सिजन पनि उत्पादन गर्दछ। प्रकाश संश्लेषण (Photosynthesis) प्रक्रियाले प्रकाशबाट खाना बनाउँछ, जसलाई $CO_2 + 2H_2O$ + ऊर्जा = $CH_2O + O_2 + H_2O$ समीकरणबाट प्रस्तुत गर्न गरिन्छ। प्राणी ऊर्जाको आधारभूत स्रोत ग्लुकोज ($C_6H_{12}O_6$), सुक्रोज र फ्रुटोज हो। तर, प्राणीहरूलाई ऊर्जायुक्त खानामात्र पर्याप्त छैन।

वनस्पतिमा पनि यही कुरा लागू हुन्छ। वनस्पतिलाई कार्बन डाइअक्साइड र पानी, नाइट्रोजन, फोसफोरस, क्यासियम, पोटासियमजस्ता रसायनिक मलमात्रै पर्याप्त छैन। फलाम, म्याग्नेसियम, मानगिनज, कपर (तामा), क्लोरिन पनि सही मात्रामा चाहिन्छ। ती सबै कच्चा पदार्थहरूबाट वनस्पतिले सबै जीवित प्राणीहरूलाई एमिनो एसिड, प्रोटिन, इन्जाइम र DNA, RNA जस्ता न्युक्लिक एसिडहरू उपलब्ध गराउँछ। तिनीहरूले क्लोरोफिल पनि बनाउँछ, जसमा प्रकाश संश्लेषण र अन्य जीवन निर्भर रहेको हुन्छ। जनावरले आफूलाई चाहिने ऊर्जा वनस्पति वा वनस्पति खाने अरु जनावरहरूलाई खाएर प्राप्त गर्दछ। मानिस पनि जनावर हो जसको माथि र तल दुई वटा प्वाल छ र ती दुई प्वाललाई जोड्ने एउटा नली छ जसले खाएको पदार्थलाई जनावरलाई उपयोगी हुने पदार्थमा बदल्छ।

मानिसले खाएर बाहिर फ्याक्ने पदार्थमा पनि केही ऊर्जा, पोषक तत्त्व रहेको हुन्छ। मानिस अरु प्राणीभन्दा अर्को अर्थमा पनि पृथक छ, वरपरको सामान्य तापक्रममा सजिलै बाँच्न भुवा, प्वाँख वा बोसोजस्तो ताप शोषक पदार्थहरू छैनन्। यही कारणले गर्दा आगोको आविस्कार भयो जुन वनस्पति र गोबरबाट उत्पत्ति भयो। लाखौं वर्षदेखि उत्पादकको रूपमा रहेका वनस्पतिहरूसँग तालमेल राख्नमा प्राणीहरूको असक्षमता, वनस्पतिको अवशेष र खानाको रूपमा प्रयोग हुने अन्य प्राणीहरूको अवशेषबाट सबै ऊर्जा प्राप्त गर्नमा प्राणीहरूको पाचनप्रणाली र अन्य प्रक्रियाहरूको असक्षमताले गर्दा जीवाश्म तेल, ग्यास र कोइलाको अस्तित्व रहेको छ र यसैमा आज हाम्रो सभ्यता निर्भर छ।

आधुनिक औद्योगिक सभ्यता कोइला र बाष्प इन्जिनबाट सुरु भयो तथा हामीलाई लाग्नसक्छ कोइला पहिले अस्तित्वमा आयो तर विश्वको धेरै भागलाई कोइलाभन्दा पहिले तेलको बारेमा ज्ञान थियो। मध्य पूर्व र अन्य ठाउँहरूबाट जमीनबाट तेल तरल वा ठोस रूपमा अलकत्रा भएर बाहिर आयो तथा प्रारम्भिक सभ्यताहरूमा विद्युत् र निर्माणको लागि प्रयोग गरियो।

बाकु वरपर, क्यास्पियाली सागरमा विशेष गरी यो धेरै मात्रामा अन्य ग्यासहरूको मिश्रणका साथ निस्कियो तथा बारम्बार त्यो मिश्रण बल्थ्यो। सन् १२७२ मा चीन भ्रमणको क्रममा मार्कोपोलो बाकु क्षेत्रबाट गुज्रँदै गर्दा एउटा घटनाबाट आश्चर्यचकित भए। बाकु क्षेत्रमा धेरै टाढाबाट मानिसहरू तेल लिन आउँथे, बत्ती बालेर आफ्नो घर उज्यालो पार्थे। त्यो बेला पश्चिम युरोपका प्रारम्भिक मानव समुदायको लागि तेल र बत्ती नसुनेको, नदेखेको कुरा थियो। चीन पुग्दा मार्कोपोलोले त्यहाँ पनि तेलको प्रयोग भएको देखे।

विस्तारै यो अनौठो पदार्थको विषयमा चेतना पश्चिमेहरूको दिमागमा पस्यो। सन् १८२८ मा एउटा इसाई मिसनरीले चीनमा तेल निकाल्न प्रयोग गर्ने तान्ने (Drilling) पद्धतिको जानकारी आफ्नो साथमा ल्यायो। चीनमा खोक्रो बाँसलाई प्रयोग गरेर तेल निकालिन्थ्यो र सो बाँस ३००० फीटसम्मको गहिराइमा पुग्थ्यो। अमेरिकामा व्यवसायीहरूको एउटा समूहले पूर्वरेलवे कण्डक्टर एडविन ड्रेक (Edwin Drake) लाई पेन्सिलभेनियाको वाइल क्रीक (Oil Creek) भन्ने ठाउँमा खन्ने काममा समर्थन दियो। ६९ फीटको गहिराइसम्म खन्दा पनि केही नभेटिएपछि तिनीहरूले खन्ने काम रोक्ने निर्णय गरे। अगस्त २९, १८५९ मा तिनीहरूको पत्र पुग्दासम्म तेल प्राप्त भइसकेको थियो। त्यसपछि पहिलो पटक तेलबाट पैसा कमाउने चलन सुरु भयो। सम्पत्तिहरू त कमाइयो तर ड्रेक (Drake) ले भने केही पाएनन् र सन् १८८० मा उनको मृत्यु भयो। त्यो तेल कुवा चाँडै नै सुक्यो तर चाँडै नै टेक्सासमा उत्खनन कार्य सुरु भयो तथा चाँडै नै संरा अमेरिका र रुस विश्वलाई तेल आपूर्ति गर्ने देश बने।

बाकु तेल कुवाको उपयोग नोबेल (Nobel) नाम गरेका दुई नर्वेली भाइहरूले गरे। नोबेल प्राइजका संस्थापक, अल्फ्रेड (Alfred) नोबेलले आविस्कार गरेको डाइनामाइटको प्रयोग गरेर ती दुई दाजुभाइले ककासस पर्वत हुँदै जाने पाइपलाइनको लागि बाटो बनाए। मध्य पूर्वमा पहिलो पटक सन् १९२७ मा इराकको किर्कुक (Kirkuk) मा जमीनबाट तेलको नदी बाहिर बग्यो। सन् १९४८ मा साउदी अरबमा यस्तै घटना घट्यो र विश्वको सबभन्दा ठूलो तेल भण्डारको पहिचान भएपछि यसले हरेक कुरामा परिवर्तन ल्यायो।

तेलको उत्पत्ति कसरी भयो? तेलले लामो यात्रा पार गरेको छ। आजका सबै तेल कुवाहरूको निर्माण पछिल्लो १५ करोड वर्षबाट भएको हो भने यस प्रक्रियाको सुरुवात २५ करोड वर्ष अगाडिबाट भयो। यो प्रक्रिया त्यो बेलाको उष्ण प्रदेशीय क्षेत्र, न्यानो र ओसिलो वनस्पति क्षेत्र-वर्षावन, मानग्रुभ (Mangrove) वन र महादेशीय भीरहरूबाट सुरु भयो। यो प्रक्रिया चट्टानको प्रकृतिमा भर पर्दछ। पृथ्वीको सतहमुनि पग्लिएको पदार्थ चिसिएर ग्रेनाइट र बासाल्ट (Granite and Basalt) जस्तो पानी र ग्यास छिर्न नदिने चट्टानको बन्छ। पानी र हावाको कारण खिइएर केही पत्रे चट्टान बन्छ। दबाबको कारण चट्टानका विभिन्न पत्रहरू बाङ्गिन्छ र टुक्रेर पृथ्वीको सतहभित्र पुग्दछ। पुरिएको वनस्पतिहरू सूक्ष्मजीव (किटाणु) हरूको कारण झोलजस्तो पदार्थ केरोजन (Kerogen) मा परिणत हुन्छ।

गुरुत्वाकर्षणको शक्तिबाट यो (किरोजन) पृथ्वीको सतहभित्र गहिराइसम्म पुग्छ। यही क्रममा दबाव र तापक्रम बढ्दै जान्छ, हरेक ७० फीटको गहिराइसँगै १ डिग्री सेन्टिग्रेड तापक्रम बन्छ र पानीमा विभिन्न सूक्ष्म किटाणु र अन्य तत्त्वहरू हुन्छ। परिणामस्वरूप यो विभिन्न प्रकारको हाइड्रोकार्बनमा परिणत हुन्छ, जसमा ८२-८७ प्रतिशत कार्बन र १२-१५ प्रतिशत हाइड्रोजन हुन्छ। अन्तत: यो कच्चा तेल दुवटा हावा र पानी नछिर्ने ढुङ्गाको बिचमा रहेको हावा र पानी छिर्ने चट्टानमा जम्मा हुन्छ र मानवीय प्रयोगको लागि तेलको कुवा बन्छ। भूगर्भ विज्ञान, महादेशीय विस्तार र प्लेट टेक्टोनिक (चट्टानका ठूल्ठूला ढिक्काहरू स्थानान्तरण हुने प्रक्रिया) बाट प्राप्त पछिल्लो ज्ञानअनुसार आजभन्दा १० करोड वर्षअगाडि यो प्रक्रिया आफ्नो चरम सीमामा पुग्यो। सो तेलको प्रक्रिया जारी रहँदा पृथ्वी एउटै महादेशको रूपमा थियो, उष्ण प्रदेशीय क्षेत्रहरू महादेशको वरपर थियो तथा ध्रुवीय क्षेत्रमा हिउँको अभावको कारण वातावरण तातो र ओसिलो थियो। वातावरणमा कार्बनडाइअक्साइडको मात्रा पनि धेरै थियो। आधुनिक सभ्यताले तेल र ग्यासको उपभोग गरेपछि यसको मात्रा झन् बढेको छ।




तेल बन्ने समयको अन्त्यतिर टेथिस (Tethys) सागरले महादेशलाई दुई भागमा टुक्रा गर्यो र तथा जैविक पदार्थको ठूलो मात्रालाई बगाएर वर्तमान पर्सियाली खाडी वरपर थुपार्यो। ३ करोड वर्षभित्रै पर्सियाली खाडीमा वर्तमान तेल कुवाको आधा तेल बल्यो। हाम्रो सभ्यताको लागि कति तेल बाँकी छ र यो कति समयसम्म बाँकी रहनेछ? आफ्नो पहिलो शताब्दीमा सन् १९६० सम्ममा तेल उद्योगले २ खरब ब्यारल तेल उत्पादन गरिसकेको छ, जुन कुल तेल भण्डारको ८ भागको एक भाग हो। त्यसपछि हरेक दशकमा त्यति नै मात्रामा तेल उत्पादन भएको छ। बढ्दो इन्धन सक्षमताको कारण २० औं शताब्दीको अन्त्यसम्ममा उत्पादनमा स्थिरता आए तापनि सन् २०३५ सम्ममा उत्पादन घट्न सुरु हुनेछ। चीन, भारत र अन्य विकासशील देशहरूमा इन्धनको माग बढ्ने पनि निश्चित छ।

मध्यपूर्वमा सजिलै उत्खनन गर्न सकिने धेरै तेल छ। साउदी अरब, संरा अमेरिका र रुसमा समान मात्रामा तेल थियो भने मध्यपूर्वका अन्य देशहरू इराक, इरान र कुवेतमा पनि अथाह तेल भण्डार छ। सन् १९९९ सम्ममा संरा अमेरिकाले आफ्नो आधाभन्दा बढी तेल उपभोग गरिसकेको छ। यसको भावी आपूर्ति रुसी भण्डारमा निर्भर रहनेछ। सजिलै उत्खनन गर्न सकिने अर्को हाइड्रोकार्बन स्रोत हो प्राकृतिक ग्यास। १६ हजार फीटको गहिराइसम्ममा कच्चा तेल बन्छ। १६ हजार फीटभन्दा मुनिको तापक्रम र दबाबले तेललाई तरल अवस्थामा राख्न दिँदैन र कच्चा तेल ग्यास, मुख्यत: मिथेन ग्यासमा परिणत हुन्छ। प्राकृतिक ग्यास कच्चा तेलमा घुलिएको अवस्थामा रहन सक्दछ र नघुलिएको अवस्थामा पनि। विश्वको कुल ग्यास भण्डारको एउटा ठूलो भाग १४ प्रतिशत तेल कुवा खन्दाको सुरुवाती दिनहरूमा समाप्त भइसकेको छ। प्राकृतिक ग्यासका प्रमुख आपूर्तिकर्ताहरू पनि मध्यपूर्व र रुस हो। संरा अमेरिकाले २० औं शताब्दीको अन्त्यसम्ममा आफ्नो आधाभन्दा बढी तेल उपभोग गरिसकेको छ।

विश्वको सबभन्दा ठूलो ग्यास कुवा साइबेरियामा छ। विश्वको सबभन्दा ठूलो ग्यास कुवा उरेनगोइ (Urengoy) बाट ५ फीट ग्यास भएको ५,४७० किमि लामो पाइपलाइन युराल पर्वत र ७०० नदी र खोला हुँदै युरोपमा पुगेको छ। सो पाइपलाइन हुँदै तेल पूर्वी र पश्चिम युरोपमा पुग्दछ। त्यो ग्यास भण्डार केही दशकसम्मको लागि पर्याप्त छ तर तेल सकिएपछि ग्यासको माग बढ्दा समय झन् घट्नेछ।

आधुनिक सभ्य मानवताले जथाभावी रूपमा प्रयोग गरेको कारण वर्तमान पुस्ताको जीवन अवधिमै ऊर्जा स्रोतको अन्त्य हुनेछ। त्यसपछि के हुनेछ? ब्रह्माण्डले आफूलाई पदार्थ र ऊर्जामा परिवर्तन गरेर आफूलाई नवीकरण गर्नेछ। यो एउटा चक्रिय प्रक्रिया हुनुपर्दछ र जीवन यो परिवर्तन प्रक्रियाको एउटा भाग हो। के यो पनि चक्रिय छ?

अन्य सबै प्राणीभन्दा भिन्दै रूपमा रहेको मानवको क्रियाकलापले एउटा चक्रिय प्रक्रियालाई अन्त्य गर्नेछ? विश्व हाम्रो आराम र भलाइको लागि रहनुको साटो के हामी यसलाई अन्त्य गर्ने कारण बनिरहेका छौं? लोभी र झगडालु मानवता युद्धको व्यसनी हो। २० औं शताब्दीमा मानवता एक वा अर्को रूपमा युद्धमै व्यस्त रहयो भने २१ औं शताब्दीमा पनि नरसंहारकारी हतियारको निर्माण रोक्ने निहुँमा इराकमाथि आक्रमण भयो। ती हतियारहरू छन्, हाम्रो वर्तमान विश्वलाई नष्ट गर्न पुग्ने मात्रामा हतियारहरू दुइटा देशमा छ। एउटा अमेरिका जसले ऊर्जा स्रोतलाई लापरवाहीका साथ प्रयोग गरिरहेको छ र अर्को रुस, जहाँ अझै पनि अथाह ऊर्जा स्रोत बाँकी छ।

हाइड्रोजन बमको प्रयोगको सम्भावनाले २० औं शताब्दीमा लाखौं जनतालाई भयभित बनायो तर सो सम्भावना साँचो भएन। सो त्रास आज कम हुनसक्छ तर वर्तमान शताब्दीको अर्थतन्त्रले सो धम्कीको सम्भावनालाई वास्तविक बनाएको छ। केहीको लागि यो एउटा सम्भावनामात्र हुनसक्छ, मानवीय प्रविधिको समस्या सुल्झाउने क्षमतालाई यहाँ उपेक्षा गरिएको आरोप लाग्न सक्छ।

तापक्रम वृद्धि (Global warming) को विषय यहाँ उल्लेख भएको छैन भनी केही पाठकहरू आश्चर्यमा छन्। मानव जातिको आराम, कल्याण र मानवता आफै उन्मूलनकारी तुलनामा मानव जातिको कल्याण र आराममा असुविधा वा केही हस्तक्षेप सायद बढी उचित हुन्छ। तर, प्रकृतिका ऐन नियमहरू एकापसमा सम्बन्धित छन् र तिनीहरूलाई परिवर्तन गर्न सकिँदैन। यो सबै ऊर्जाको अस्तित्व र व्यवहारसँग सम्बन्धित छ। केही वायुमण्डलीय ग्यासहरूले निश्चित आवृत्ति भएका किरणहरूसँग प्रतिक्रिया गर्दछ। तिनीहरूका अणुहरूले एक दिशाबाट आएको विकीरणलाई सोस्छ र सबै दिशामा फैलाउँछ। यसले वायुमण्डलमा प्रवेश गर्ने सूर्यको प्रकाशलाई असर पार्न सक्दछ, यसैले गर्दा आकाश र समुद्रको पानी नीलो देखिन्छ।

**स्रोत: वातावरण : सङ्कट र समाधान**

# नेता किमद्वारा विदेशी मोर्चाका सैनिकको प्रशंसा




सियोल, २५ भदौ (एएफपी) । प्रजातान्त्रिक जन गणतन्त्र कोरियाका सर्वोच्च नेता किम जोङ उनले देशको ७८औं स्थापना दिवसका अवसरमा विदेशमा सैन्य कारबाहीमा सहभागी आफ्ना सैनिकको प्रशंसा गर्दै रुस-युक्रेन युद्धमा प्योङ्याङको सैन्य सहयोगप्रति समर्थन जनाउनुभएको छ ।

बुधबार आयोजित कार्यक्रममा उहाँले विदेशमा तैनाथ सैनिकका कमान्डर र जवानप्रति विशेष कृतज्ञता तथा गहिरो सम्मान व्यक्त गर्नुभएको प्रजग कोरियाको सरकारी समाचार संस्था कोरियन सेन्ट्रल न्युज एजेन्सीले जनाएको छ ।

"विदेशी सैन्य कारबाहीमा भाग लिने हाम्रा सेनाका कमान्डर र सैनिकप्रति विशेष कृतज्ञता र गहिरो सम्मान प्रकट गर्दछु", उहाँले भन्नुभयो ।

सन् २०२२ मा रुसले युक्रेनमाथि सैन्य कारबाही सुरु गरेपछि प्रजग कोरिया मस्कोको प्रमुख सहयोगी बनेको विश्लेषकहरूले बताएका छन् । आर्थिक लाभ र सैन्य प्रविधिको बदलामा प्योङ्याङले रुसको युद्ध प्रयासमा सहयोग पुऱ्याउँदै आफ्ना सैनिकसमेत पठाएको बताइएको छ ।

युक्रेनले रुसमा करिब ५० हजार उत्तर कोरियाली सैनिक तैनाथ गरिने दाबी गरे पनि त्यसको प्रमाण वा निश्चित समयसीमा सार्वजनिक गरेको छैन ।

# इरान–अमेरिका तनाव चर्किंदा इन्धनको मूल्यमा उच्च वृद्धि

तेहरान, २५ भदौ (एएफपी) । इरानले हर्मुजको जलडमरुबाट पास हुन खोज्ने एक दर्जनभन्दा बढी जहाजहरूमा आक्रमण गरेसँगै इरान अमेरिका तनाव चर्किंदा कच्चा तेलको मूल्य प्रतिब्यारेल सय अमेरिकी डलरभन्दा माथि पुगेको जनाइएको छ ।

तेहरानले बुधबारदेखि तेल र ग्यासको रणनीतिक ढुवानी मार्ग हर्मुजमा आफ्नो पकड बलियो बनाउँदै जलमार्ग बाहिर नो-गो जोन क्षेत्र विस्तार गरेको छ । जहाँ इरानले फेब्रुअरी २८ मा संयुक्त राज्य अमेरिकासँग युद्ध सुरु भएदेखि यातायात प्रतिबन्धित गरेको छ ।

अन्तर्राष्ट्रिय सम्झौता 'ब्रेन्ट क्रुड' को मूल्य बिहीबार एशियाली व्यापारमा प्रतिब्यारेल १०१.२८ डलर थियो, जुन जुलाईपछि पहिलोपटक १०० डलरभन्दा माथि पुगेको हो ।

तेहरानको रिभोलुसनरी गार्ड्सले हर्मुजको जलमार्ग पार गर्ने प्रक्रियामा रहेका दुई अमेरिकी जहाज, आठ तेल ट्याङ्कर र १० वटा अन्य जहाजहरूमा आक्रमण गरेको इरानको सरकारी मिडियाले रिपोर्ट गरेपछि कच्चा तेलको मूल्यमा उछाल आएको जनाइएको छ ।

इरानको शक्तिशाली रिभोलुसनरी गार्ड्सले बुधबार ओमानको खाडी र अरब सागरका केही भागहरूलाई नयाँ प्रतिबन्धित क्षेत्रमा थप गरेपछि थप तनाव चुलिएको हो ।

यदि कुनै जहाज निर्धारित समन्वयबिना त्यस क्षेत्रमा प्रवेश गर्छ भने, यो हाम्रो प्रतिबन्धको अधीनमा हुनेछ गार्डका प्रवक्ता हुसेन मोहेबीले सरकारी टेलिभिजनसमक्ष बताउनुभयो ।

फेब्रुअरीमा युद्ध सुरु भएदेखि इरानले होर्मुज जलमार्गको नियन्त्रणमा दाबी गरेको छ, जलमार्गबाट हुने यातायात अवरुद्ध गरेको छ । जहाजहरू तेहरानको जलमार्ग प्रयोग गर्नुअघि अनुमति प्राप्त गर्ने र पारवहन शुल्क तिर्नुपर्ने दाबी इरानले गर्दै आएको छ ।

इरानी सेनाको वैचारिक शाखा गार्ड्सले पनि एक दिनअघि अमेरिकी सेनाले पाँच इरानी तेल ट्याङ्करहरू नष्ट गरेको प्रतिक्रियामा जोर्डनमा रहेको अमेरिकी सैन्य अड्डामा आक्रमण गरेको बताएको छ ।

जोर्डनको सेनाले जोर्डनमा प्रहार गरिएका १८ वटा क्षेप्यास्त्र खसालेको बताइएको छ ।

इरानको विदेश मन्त्रालयले आफ्नो तेल ट्याङ्करहरूमा भएको आक्रमणलाई क्षेत्रीय र अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाका लागि प्रत्यक्ष खतरा भन्दै निन्दा गर्दै उक्त आक्रमणले यस क्षेत्रमा तनावको खतरा बढाएको बताएको छ ।

यस क्षेत्रमा अमेरिकी सैन्य सुविधाहरूलाई लक्षित गरी आक्रमण गर्नु 'आत्मरक्षार्थ' प्रयास भएको उहाँले बताउनुभएको छ ।

अमेरिकी सेनाले भने अमेरिकी लडाकू विमानलाई लक्षित गरी भएको इरानी आक्रमणको जवाफ दिइरहेको बताएको छ भने एक हप्ताभन्दा कम समयमा यो दोस्रो घटना हो ।

लेबनान र यमनमा भएको युद्धको मागसहितका आफ्ना सर्तहरू वासिङ्टनले पूरा गरे युद्ध अन्त्य गर्न सकिने इरानी गार्ड्सले जनाएको छ । गार्ड्सले अमेरिकाको नयाँ धम्कीहरूबाट बच्नुपर्ने लेबनानबाट इजरायली शासनको सेना फिर्ता लिनुपर्ने यमनको नाकाबन्दी अन्त्य गर्नुपर्ने र अमेरिकाले फ्रिज गरेको इरानको सम्पत्तिमा जारी गर्नुपर्दछ तथा देशको आणविक र मिसाइल क्षमताहरूमा कुनै पनि हस्तक्षेप हुनु नहुने मोहेबीले बताउनुभएको छ ।

वासिङ्टनले इरानलाई आर्थिक रूपमा दबाउन खोज्दा अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) का बोर्ड अफ गभर्नरहरूले बुधबार तेहरानमाथि दबाब दिने कूटनीतिक कदममा इरानलाई आणविक गैरन्यायिक भन्दै संयुक्त राष्ट्र सुरक्षा परिषद्को पक्षमा मतदान गर्नुभएको छ ।

उक्त प्रस्ताव २३-३ मतले पारित भएको थियो जसमा आठ जना अनुपस्थित थिए उनीहरूले भने रुस, चीन र नाइजरले यसकाविरुद्धमा मतदान गरेका थिए ।

संयुक्त राष्ट्र आणविक निगरानीका लागि इरानका प्रतिनिधिले अमेरिकी दबाबमा प्रस्ताव पारित भएको भन्दै यसको कुनै आधार नभएकाले कुनै परिणाम नल्याउने बताउनुभएको छ ।

# अगस्टमा विश्वकै उच्च तापक्रम

पेरिस, २५ भदौ (एएफपी) । युरोपेली सङ्घ (इयु) को जलवायु अनुगमन सेवा कोपर्निकसले गत अगस्टलाई विश्वभर रेकर्ड गरिएको सबैभन्दा तातो महिना भएको जनाएको छ । सो अवधिमा समुद्री सतहको तापक्रमसमेत अभूतपूर्व उचाइमा पुगेको र पश्चिमी युरोपले असाधारण गर्मीको सामना गरेको छ ।

कोपर्निकसका अनुसार अगस्टमा विश्वको औसत हावाको तापक्रम १६.९६ डिग्री सेल्सियस पुगेको थियो । यो सन् २०२३ को जुलाईमा कायम भएको अघिल्लो मासिक कीर्तिमानभन्दा ०.०१ डिग्री सेल्सियस बढी हो । अन्तर निकै कम भएकाले दुवै महिनालाई संयुक्त रूपमा सबैभन्दा तातो मानिएको छ ।

कोपर्निकसकी सामन्था बर्गेसले कम्तीमा पछिल्लो एक लाख वर्षमा मानिसले अहिले जस्तो उच्च तापक्रम नदेखेको बताउनुभयो । वैज्ञानिकहरूका अनुसार कोइला, तेल र ग्यासजस्ता जीवाश्म इन्धन जलाउँदा औद्योगिक युगअघिको तुलनामा पृथ्वीको तापक्रम करिब १.४ डिग्री सेल्सियस बढेको छ ।

संयुक्त राष्ट्रसङ्घले जीवाश्म इन्धनको प्रयोग नघटाए पृथ्वी अझ गम्भीर जलवायु अवस्थामा पुग्ने चेतावनी दिएको छ । संयुक्त राष्ट्रसङ्घका जलवायु प्रमुख साइमन स्टिलले जीवाश्म इन्धनप्रतिको मानवताको निर्भरताले विश्वव्यापी जलवायु सङ्कट बढाइरहेको बताउनुभयो ।

यसैबिच, अगस्टमा समुद्री सतहको तापक्रम पनि उच्च बिन्दुमा पुगेको र महासागरमा लगातार तीन महिनासम्म तापक्रमका नयाँ कीर्तिमान कायम भएको कोपर्निकसले जनाएको छ । हरितगृह ग्यासबाट उत्पन्न अतिरिक्त तापको ९० प्रतिशतभन्दा बढी समुद्रले सोस्ने भए पनि यसले समुद्री जीव, प्रवालका प्राकृतिक संरचना र तटीय समुदायमा गम्भीर असर पारिरहेको वैज्ञानिकहरूले बताएका छन् ।

कोपर्निकसका अनुसार जुनदेखि अगस्टसम्म पश्चिमी युरोपले सन् २००३ को सबैभन्दा तातो गर्मीको कीर्तिमानसमेत पार गरेको छ । लगातारको तातो लहरका कारण विद्यालय बन्द गर्नुपरेको, नदी सुकेको र जङ्गलमा आगलागीको जोखिम बढेको थियो । युरोपमा अतिरिक्त मृत्युको निगरानी गर्ने तथ्याङ्कअनुसार, जुलाईको मध्यदेखि अगस्टको मध्यसम्म अत्यधिक गर्मीका कारण ३२ हजारभन्दा बढी अतिरिक्त मृत्यु भएको अनुमान गरिएको थियो ।

असाधारण गर्मी युरोपमा मात्र सीमित रहेन । अमेरिकी राष्ट्रिय महासागरीय तथा वायुमण्डलीय प्रशासनले पनि अमेरिकाले अभिलेखमै सबैभन्दा तातो गर्मीमध्ये एक सामना गरेको जनाएको छ । कोपर्निकसको तथ्याङ्कअनुसार करिब ९० करोड मानिस बसोबास गर्ने क्षेत्रमा अहिलेसम्मकै सबैभन्दा तातो जुलाई रेकर्ड भएको थियो ।

जलवायु वैज्ञानिक फ्रेडेरिक ओटोले जीवाश्म इन्धन जलाउन नरोकेसम्म यस्ता कीर्तिमानी तातो महिना दोहोरिइरहने बताउनुभयो । बर्गेसले पनि विश्वव्यापी उत्सर्जन नियन्त्रण नगरे जलवायु अवस्था अझ चरम बन्दै जाने चेतावनी दिनुभयो ।

# जलवायु विपत्तिले बालिकाको पढाइमा बढी असर

पेरिस, २५ भदौ (एएफपी) । गर्मीको लहर, आँधीबेहरी, बाढी र डढेलोजस्ता जलवायुजन्य विपत्तिका कारण बालिकाहरूको पढाइ अवरुद्ध हुने तथा विद्यालय छाड्ने जोखिम बढी रहेको संयुक्त राष्ट्र बाल कोष (युनिसेफ) ले जनाएको छ ।

युनिसेफको विश्लेषणअनुसार सन् २०२५ मा १०६ देश तथा क्षेत्रमा १७ करोडभन्दा बढी विद्यार्थीको पढाइ चरम मौसमका कारण प्रभावित भएको थियो । विद्यालयमा क्षति, कक्षा स्थगन, परिवार विस्थापन र आम्दानी गुम्दा बालिकामाथि घरायसी हेरचाह तथा पानी सङ्कलनको थप जिम्मेवारी पर्ने भएकाले उनीहरू विद्यालय फर्किनसमेत कठिन हुने गरेको युनिसेफले जनाएको छ । यसले बालविवाहको जोखिम पनि बढाउन सक्ने बताइएको छ । गत वर्ष आँधीबेहरीबाट करिब १० करोड १० लाख, बाढीबाट कम्तीमा सात करोड र गर्मीको लहरबाट करिब पाँच करोड विद्यार्थी प्रभावित भएका थिए । विश्वभर करिब एक अर्ब बालबालिका जलवायु तथा वातावरणीय विपत्तिको उच्च जोखिम भएका देशमा बसोबास गर्ने युनिसेफको भनाइ छ ।

विपत्तिका कारण पढाइ गुम्दा बालबालिकाको सिकाइ, साक्षरता र गणितीय सीपमा दीर्घकालीन असर परी जीवनभरको आम्दानीमा कम्तीमा दुई खर्ब डलर बराबरको क्षति हुन सक्ने युनिसेफले जनाएको छ । न्यून तथा निम्न-मध्यम आय भएका देशका शिक्षा प्रणालीमा यस्तो विपत्तिका बेला पढाइ सुरक्षित राख्न पर्याप्त स्रोतसाधन नहुने भएकाले सरकारले जलवायु सहन सक्ने विद्यालय तथा शैक्षिक संरचनामा थप लगानी गर्नुपर्नेमा युनिसेफले जोड दिएको छ ।

Local Government
**Madhyapur Thimi Municipality**
Office of the Municipal Executive
Madhyapur Thimi, Bhaktapur
Bagmati Province, Nepal

**Invitation for Hard Copy Sealed Quotation**

**Date of Publication: 2083/05/26**

The Office of the Municipal Executive, Madhyapur Thimi Municipality Invites Hard Copy Sealed Quotation from Nepalese Eligible Bidders for the following Projects Under Hard Copy Sealed Quotation Procedures. Eligible Bidders may obtain further information and Sealed Quotation Document from the Madhyapur Thimi Municipality, Madhyapur Thimi, Bhaktapur during office hours.

| S.N. | Contract Identification No. | Description of Project | Sealed Quotation Document Fee | Sealed Quotation Security Amount | Final Date of Quotation Purchase | Final Date of Quotation Submission and Opening | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | MTM/SQ/Service/01/083/084 | सामुदायिक विद्यालयको शौचालय सरसफाइ कार्य | 1,000.00 | 50,000.00 | 2083/06/01 During Office Hour - | Final Submission Date: 2083/6/02, 12.00 Noon Opening: 2083/6/02, 1.00 PM at meeting hall of Municipality. | First Notice |

**Madhyapur Thimi Municipility**
Madhyapur Thimi, Bhaktapur

# बुढ्यौलीमा बुबा बदलिँदो परिवारमा वृद्ध अभिभावकको स्थान

● सुनिता गाइसी

"बाबा, औषधि खानुभयो ?" विदेशमा रहेको छोराको फोन आउँदा वृद्ध बुबाको अनुहारमा एकछिन चमक देखिन्छ । केही मिनेट कुराकानी हुन्छ । छोराले घरखर्चका लागि पैसा पठाएको कुरा गर्छ, नातिनातिनाको पढाइको कुरा हुन्छ । फोन काटिएपछि फेरि उही घर, उही कोठा र उही मौनता छाउँछ । छोरा विदेशमा छ । बुहारी र नातिनातिना पनि सहरमा छन् । गाउँको घरमा वृद्ध बुबा र आमा मात्र छन् । यो कुनै एक परिवारको कथा होइन । बदलिँदो नेपाली परिवारको बढ्दो सामाजिक यथार्थ हो । नेपालमा बुढ्यौली अब केवल उमेर बढेको अवस्था होइन; यो परिवार, बसाइँसराइ, वैदेशिक रोजगारी, एकल परिवार र पुस्ताबिच बदलिँदो सम्बन्धसँग जोडिएको प्रश्न हो । सानो छँदा अनेक सङ्घर्ष गरेर हुर्काएका छोराछोरी उच्च शिक्षा, रोजगारीका लागि विदेश जाने क्रम निकै बढेको छ । जसले गर्दा आफनो बुढेशकालको सहारा ठानेका छोरा छोरी साथ नहुँदा उमेर पुगेका बाआमा मानसिक रूपमा पनि विक्षिप्त बन्न पुगेका छन् । २०२१ को जनगणनाअनुसार नेपालमा ६० वर्ष वा त्यसभन्दा माथिको जनसङ्ख्या कुल जनसङ्ख्याको १०.२१ प्रतिशत पुगेको छ । यही समयमा वैदेशिक तथा आन्तरिक बसाइँसराइले धेरै परिवारका पुस्तालाई भौगोलिक रूपमा अलग बनाइरहेको छ । त्यसैले, बुबाको मुख हेर्ने दिनमा हामीले बुबालाई केवल परिवारका लागि त्याग गर्ने व्यक्तिका रूपमा सम्झने होइन, बुढ्यौलीमा पुगेपछि स्वयं हेरचाह र सहाराको आवश्यकता पर्ने व्यक्तिका रूपमा पनि हेर्नुपर्ने समय आएको छ । बुबा हुँदा घर 'घर' थियो । नेपाली समाजको परम्परागत संयुक्त परिवारमा वृद्ध बुबा परिवारको केन्द्रमा हुन्थे । छोराछोरी, बुहारी, नातिनातिना एउटै घरमा हुन्थे । खेतीपाती, घरायसी निर्णय, संस्कार र पारिवारिक गतिविधिमा वृद्ध अभिभावकको भूमिका महत्त्वपूर्ण हुन्थ्यो । बुबा बुढो हुँदै गएपछि पनि उनको सामाजिक भूमिका समाप्त हुँदैनथ्यो । बरु अनुभव, सल्लाह र पारिवारिक नेतृत्वका कारण उनको स्थान अझ महत्त्वपूर्ण रहन्थ्यो । तर, परिवारको संरचना बदलिएको छ । शिक्षा र रोजगारीका लागि गाउँबाट सहर जाने क्रम बढेको छ । वैदेशिक रोजगारीले युवालाई देशबाहिर पुर्‍याएको छ । संयुक्त परिवार क्रमश: साना, स्वतन्त्र परिवारमा विभाजित हुँदै छ । घरमा रहेका वृद्ध अभिभावकका वरिपरि पहिले जस्तो ठुलो परिवार छैन । समाजशास्त्रमा यसलाई परिवारको संरचनात्मक परिवर्तनका रूपमा बुझ्न सकिन्छ । समस्या परिवार सानो हुनु मात्र होइन । प्रश्न यो हो - परिवार सानो हुँदै जाँदा वृद्ध अभिभावकको हेरचाह कसले गर्ने ? पैसा आउँछ, मान्छे आउँदैन । गाउँमा रहेका ७० वर्षका बुबाको उदाहरण लिऔँ । उनका दुई छोरा विदेशमा छन् । दुवैले नियमित पैसा पठाउँछन् । घर पक्की बनेको छ । स्वास्थ्य उपचारको लागि पनि खर्चको कमी छैन । खान लगाउन पनि राम्रै गरेका छन् छोराहरूले । तर, अस्पताल जानुपर्दा उनी छिमेकीको मोटरसाइकल वा पठाओ खोज्छन् । चाडपर्वमा घरमा ठुलो भोज हुँदैन । छोराछोरी बुहारी नातिनातिनाको आवाज फोनमा मात्र सुनिन्छ । आर्थिक रूपमा उनी सुरक्षित छन् तर सामाजिक र भावनात्मक रूपमा उनी आफूलाई सुरक्षित नरहेको महसुस गर्छन् । यहीँ आर्थिक सुरक्षा र सामाजिक सुरक्षाबिचको फरक देखिन्छ । पैसाले औषधि किन्न सक्छ । तर, औषधि खाने समय सम्झाइदिने व्यक्ति घरमा छैनन् । पैसाले अस्पतालको बिल तिर्न सक्छ । तर, अस्पतालको बेडमा छेउमा बस्ने मान्छे पनि उनीसँग छैनन् । बिरामी हुँदा के भयो भनेर सोध्ने न्यानो हातको स्पर्श उनले महसुस गर्न पाएका छैनन् ।



नेपालमा वृद्ध अभिभावक र सन्तानको बसाइँसराइबारे भएका अध्ययनहरूले यही जटिलता देखाएका छन् । एउटा अध्ययनमा Adult children को Migration भएका परिवारका वृद्ध अभिभावकमा एक्लोपनको सम्भावना बढी देखिएको थियो । अर्थात्, छोराछोरी विदेश जानु सधैँ आर्थिक विपत्ति होइन; तर त्यसले भावनात्मक दूरीको जोखिम भने बढाउन सक्छ । "छोराले पैसा पठाउँछ, त्यसैले मलाई के कमी छ र ?" धेरै वृद्ध अभिभावक यस्तो भन्छन् तर वास्तवमा उनीहरू छोराछोरीको सफलतामा गर्व गर्छन् । विदेशमा रहेका छोराछोरीले घर बनाइदिएका छन्, उपचार गराइदिएका छन्, चाडपर्वमा पैसा पठाएका छन् । तर, वृद्धावस्थाको आवश्यकता केवल आर्थिक हुँदैन । सामाजिक सम्बन्ध, आत्मीयता, निर्णयमा सहभागिता, सम्मान र दैनिक साथ पनि उत्तिकै आवश्यक हुन्छ ।

२०२६ मा प्रकाशित एक अध्ययनले विदेसिएका छोराछोरी भएका वृद्ध अभिभावकको अवस्थालाई एउटै ढाँचामा राख्न नसकिने देखाए पनि, Empty nest अर्थात् खाली गुँड सन्तान बाहिरिएपछि एक्लिएका वृद्धहरूमा मानसिक स्वास्थ्यको गम्भीर जोखिम रहेको कुरा पाइयो । यसले एउटा महत्त्वपूर्ण कुरा सम्झाउँछ - वृद्ध अभिभावकको मौनता सधैँ सन्तुष्टिको सङ्केत हुँदैन । कहिलेकाहीँ "मलाई केही चाहिँदैन" भन्नु पनि "मलाई साथ चाहिएको छ" भन्ने मौन अभिव्यक्ति हुन सक्छ यो कुरा बिदेसिएका छोराछोरीहरूले बुझ्न आवश्यक छ । बुबाआमाले आफ्ना सन्तानको सधैँ प्रगति र खुसी चाहन्छन् । त्यसैका लागि आफ्ना सारा सपनाहरू त्यागी दिन्छन् । शारीरिक र मानसिक पीडाहरू लुकाएर छोराछोरीको प्रगतिमा खुसी भइरहेका हुन्छन् ।

आधुनिकीकरण भएसँगै परिवार संरचनामा परिर्वतनहरू देखिन थालेका छन् । बुढापाका पनि छोराछोरी हुर्केपछि आफूलाई छोडेर विदेश जाने छोराछोरीलाई साङ्केतिक रूपमा पखेटा आएपछि चरी गुँड छोडी जान्छन् भनी चित्त बुझाउने गर्दछन् । उमेर पाको हुँदै गएपछि घरमा ज्येष्ठ नागरिकको भूमिका पनि कम हुने, शारीरिक रूपमा पनि अस्वस्थ हुने हुनाले यो समयमा आफ्ना सन्तानको सहारा खोज्ने गर्दछन् ।

# चलायमान बन्दै कोरला नाका

- सुन्दरकुमार थकाली

मुस्ताङ, २५ भदौ । तीन वर्षअघि नेपाल-चीन उत्तरी कोरला नाका उपल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका लागि मात्रै सीमित थियो । कोभिड महामारीअघि चीनको तिब्बती भूमि झोङ्बासेन पठारमा बर्सेनि असार र भदौ महिनामा सीमित समयका लागि मात्रै कोरला नाकाको ढोका खुला हुन्थ्यो ।

नेपाल-चीन सीमावर्ती क्षेत्रका नागरिकका लागि दैनिक उपभोग्य वस्तुहरूको किनमेल गर्न चीन पक्षले कोरला नाकाको तिब्बती भूमिमा अल्पकालीन अन्तरदेशीय व्यापार मेला चलाउथ्यो । कोभिडका कारण एकपक्षीय रूपमा चीनले लगातार चार वर्ष कोरला नाका पूर्ण रूपमा बन्द गर्‍यो ।

कोभिडका कारण चार वर्ष बन्द रहेको नेपाल-चीन उत्तरी कोरला नाका तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले चीन भ्रमण गरेलगत्तै २०८० कार्तिक २७ गते उपल्लो मुस्ताङका दुई गाउँपालिकाका नागरिकका लागि बाह्रै महिना खुला गरिएको थियो । लामो समयदेखि बन्द कोरला नाकालाई चीन पक्षले बाह्रै महिना उपल्लो मुस्ताङका नागरिकलाई खुला गरेपछि सीमावर्ती क्षेत्रका नागरिकमा खुसी पलायो ।

बन्द रहेको नाका खुलाउनुअघि चिनियाँ पक्षले नेपाली पक्षलाई सहभागी गराई तामझामका साथ आतसबाजी गरी औपचारिक रूपमा नाका खुला भएको सन्देश दिएको थियो । तर, चिनियाँ पक्षले सबै नेपालीका लागि खुला गरेको भने थिएन । उपल्लो मुस्ताङका नागरिकलाई मात्रै खुला गरिएको कोरला नाकामा पछि तल्लो मुस्ताङी नागरिकलाई पनि सीमापार पास वितरण गरी ( नेचुङ-लिजी) आउजाउ सहज पारियो ।

नेपाल-चीन उत्तरी कोरला नाका मुस्ताङी नागरिकका लागि बाह्रै महिना खुला गरिए पनि नाकामा हुने निकासी तथा पैठारीको कारोबार झिनो परिमाणमा स्थानीयस्तरमै सीमित थियो । सीमामा बस्ने नागरिक र केही तल्लो भेकमा मुस्ताङले घरायसी प्रयोजनका लागि दैनिक उपभोग्य बस्ती चीनको कोरलास्थित लिजी हाटबजारबाट खरिद गरी ल्याउँथे तर चिनियाँ पक्षले भने निकासीतर्फ नेपालीलाई सीमित मात्रै मालसामान आफ्नो भूमिमा ल्याउन दिन्थ्यो । यसरी चलेको कोरला नाकामा त्यसबेला मुस्ताङ भन्सार कार्यालयको वार्षिक राजस्ववापत रु. १० देखि १५ करोड मात्रै मुश्किल उठाउथ्यो ।

### मुख्य नाकाका रूपमा विस्तार हुँदै

सामान्य अवस्थामा चलेको कोरला नाकाको ढोका गत वर्षको भदौ ३१ गतेपछि भने केही गतिशील बनेको छ । गत वर्षको असार र भदौ महिनामा बाढी, पहिरो र नदी कटानका कारण उत्तरतर्फका नाका जोड्ने तातोपानी र रसुवागढी नाका पूर्ण रूपमा बन्द हुन पुगेपछि कोरला नाकालाई वैकल्पिक आयात निर्यातको मार्ग प्रस्तुत गरियो । कोरला नाकालाई पूर्ण रूपमा सञ्चालन गर्ने निर्णयसँगै मुस्ताङ भन्सार कार्यालयमा कर्मचारी थपिए । निकासी तथा पैठारीको परिमाण वृद्धि हुन थाल्यो । नाका पूर्ण रूपमा सञ्चालन गरिए पनि पूर्वाधार निर्माणमा भने ध्यान दिइएको थिएन ।

विसं २०८२ भदौ ३१ गतेदेखि पूर्ण रूपमा सञ्चालनमा आएको नाकामा पहिलेभन्दा राजस्व सङ्कलनमा निकै ठुलो कायापलट हुन थाल्यो । सीमावर्ती क्षेत्रका नागरिकले पनि वैकल्पिक रोजगारी अवसर प्राप्त गर्न थाले । कोरला नाका र त्यहाँ रहेको मुस्ताङ भन्सार कार्यालय यतिबेला भने निकै चलायमान र गुल्जार बनेको छ । यसको कारण हो, रसुवागढी र तातोपानी नाका पूर्ण रूपमा बन्द हुनु ।

यही भदौ १० गते बिहान रसुवाको भोटेकोसीमा आएको भीषण बाढीका कारण रसुवागढी नाका पूर्ण रूपमा बन्द बन्न पुगेको छ । उक्त नाका पहिलेका अवस्थामा फर्किन सायद लामो समय कुर्नुपर्ने हुनसक्छ । तातोपानी नाका पनि अहिले खुल्न सकेको छैन । यस्तो अवस्थामा उत्तरतर्फका तीन नाकाको प्रतिनिधित्व गर्ने एकमात्र नाका कोरला बनिरहेको छ ।

मुस्ताङ भन्सार कार्यालयका प्रमुख विदुर चुडालका अनुसार रसुवाको विनाशकारी बाढीपछि केरुङ नाकामा रोकिएका १७६ वटा मालवस्तुका कन्टेनर कोरला नाकातर्फ 'डाइभर्ट' भइरहेको बताउनुभयो । केरुङ नाकाबाट डाइभर्ट भइरहेका सबै कन्टेनर बुधबारसम्म कोरला नाकामा आइपुग्ने जानकारी प्राप्त भएको उहाँले उल्लेख गर्नुभयो ।

"केरुङ नाकाबाट कोरला नाकातर्फ 'डाइभर्ट' भएका कन्टेनरमध्ये केही सोमबार केही आइपुगे भने बाँकी कन्टेनर पनि भोलि बुधबारभित्र कोरला नाकामा आइपुग्ने छन्", प्रमुख चुडालले भन्नुभयो, "मुस्ताङ भन्सारको सडक मार्ग छेउछाउ करिब २०० भन्दाबढी कन्टेनर छन्, भन्सार यार्डमा 'लोड' गरिएका मालवस्तुसहित कन्टेनर करिब १५० बढी रोकिएका छन् ।" दसैँ , तिहारलगायत चाडपर्व नजिकिएकाले केरुङबाट 'डाइभर्ट' भएका मालवस्तुको पैठारी हुने समय चलेको भन्सार प्रमुख चुडालको भनाइ छ । चीनबाट तयारी लत्ताकपडा, शृङ्गारका सामग्री, औद्योगिक कच्चा पदार्थ, फलफूल र खाद्य पदार्थ रहेको कन्टेनर कोरला नाकातर्फ 'डाइभर्ट' भएको उहाँले बताउनुभयो ।

### लक्षित राजस्व बढ्ने निश्चित

रसुवागढी र तातोपानी नाका पूर्ण रूपमा बन्द भएसँगै नेपाल-चीन उत्तरी कोरला नाका हुँदै मालवस्तु ढुवानी गर्न दैनिक ५० भन्दाबढी कन्टेनर चीनको भूमि लिजीमा प्रवेश गर्ने गरेका भन्सार प्रमुख चुडालले जानकारी दिनुभयो ।

कार्यालयका अनुसार रसुवागढी नाका बन्द हुनुअघि ४० दिनमा कोरला नाकाबाट भित्रिएका मालवस्तुको पैठारीवापत रु. ५२ करोड ८० लाख राजस्व सङ्कलन भएको थियो भने भदौ १० गतेपछि मुस्ताङ भन्सार कार्यालयबाट थप २६ करोड बढी सङ्कलन भएको छ । चालु आव २०८३/८४ को साउनदेखि भदौ २० गतेसम्म मुस्ताङ भन्सारबाट कुल ७८ करोड बढी राजस्व सङ्कलन भइसकेको भन्सारको तथ्याङ्कमा उल्लेख छ ।



रसुवागढी नाका बन्द भएपछि नौ दिनको फेरोमा कोरला नाका हुँदै नेपाल भित्रिएका ८८ वटा मालवस्तु रहेका कन्टेनर र १३० वटा विद्युतीय सवारीसाधनको भन्सार जाँचपास भएको छ ।

यसअघि चालु वर्षको साउनदेखि भदौ १० गतेअघिसम्म कोरला नाकाबाट भित्रिएका १६३ विद्युतीय सवारी र १३३ वटा मालवाहक कन्टेनरको भन्सार जाँचपास भएको भन्सार प्रमुख चुडालले बताउनुभयो ।

चालु वर्षको साउनदेखि भदौ १० गतेअघिको तथ्याङ्क हेर्दा मुस्ताङ भन्सारमा दैनिक चार/पाँच वटा विद्युतीय सवारी र दैनिक तीन/चारको हाराहारीमा कन्टेनरको मात्रै जाँचपास भएको देखिन्छ तर भदौ १० गतेपछि दैनिक औसत १५ भन्दा बढी विद्युतीय सवारी र दैनिक औसत १० भन्दाबढी कन्टेनरको भन्सार जाँचपास भएको देखिन्छ ।

भन्सार प्रमुख चुडालका अनुसार अघिल्लो ४० दिनमा १६३ वटा इभी गाडी जाँचपास भएकामा पछिल्लो १० दिनमा १३० वटा इभी गाडी जाँचपास भएको हो । यसैगरी अघिल्लो ४० दिनमा १३३ वटा कन्टेनरको जाँचपास भएकामा पछिल्लो १० दिनमा ८८ वटा कन्टेनरको जाँचपास भएको भन्सार प्रमुख चुडालको भनाइ छ ।

भन्सार प्रमुख चुडालले राससलाई दिएको जानकारीअनुसार भदौ १० अघिको अघिल्लो ४० दिनमा सङ्कलन भएको राजस्व अनुपातमा दैनिक रु. एक करोड ३० लाख सङ्कलन भएको देखिन्छ । यसैगरी भदौ १० पछिको भन्सार राजश्वको दैनिक अनुपात रु. दुई करोड ८८ लाख बढी देखिन्छ ।

नेपाल-चीन उत्तरी कोरला नाकास्थित मुस्ताङ भन्सार कार्यालयले गत आव २०८२/८३ मा रु. छ अर्ब ९२ करोड राजस्व सङ्कलन गरेको थियो । भन्सार प्रमुख चुडालका अनुसार गत वर्ष पैठारीतर्फ रु. १४ अर्ब ४० करोड बढीको मालवस्तु पैठारी भएको थियो भने रु. २० करोड ५० लाख बढीको मालवस्तु चीनतर्फ निकासी भएको थियो ।

गत वर्ष कोरला नाका हुँदै चीनबाट भित्रिएका तीन हजार २२३ वटा विद्युतीय गाडी र एक हजार ८७३ वटा मालवस्तु पैठारी गरिएका कन्टेनरको भन्सार जाँचपास भएको थियो ।

भन्सार प्रमुख चुडालका अनुसार गतवर्ष रु. छ अर्ब ९२ करोड राजस्व सङ्कलन भएकामा चालु वर्ष सामान्य अवस्था रहेमा रु. नौ अर्ब बढी भन्सार राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा रसुवा घटनाले उक्त लक्ष्यभन्दा बढी उठ्ने देखिएको छ ।

चीनबाट कोरला नाका हुँदै नेपाल भित्रिएका विद्युतीय गाडी भन्सार जाँचपास गर्नका लागि कोरला नाकामै पार्किङ गरिएका प्रमुख चुडालले बताउनुभयो । पछिल्लो समय मुस्ताङको कोरला नाकादेखि न्हेचुङ भन्सारका आसपासका क्षेत्रमा कन्टेनर र विद्युतीय सवारीको सङ्ख्याले ढाकिएको छ ।

विगतमा उपल्लो मुस्ताङका नागरिकलाई मात्रै केन्द्रित गरी सञ्चालन भएको कोरला नाका गत वर्षको भदौदेखि सामान्य अवस्थामा निकासी तथा पैठारी हुँदै आएको थियो । रसुवा र तातोपानी नाका बन्द भएपछि कोरला नाका मुख्य मार्गका रूपमा चलायमान बनेको छ ।

### तिलौराकोटमा थप जग्गा अधिग्रहण गरिँदै

कपिलवस्तु, २५ भदौ । प्राचीन कपिलवस्तुको राजधानी तिलौराकोटको पुरातात्विक सम्पदा संरक्षणका लागि किल्ला आसपासका थप जग्गा अधिग्रहण गरिँदैछ । तिलौराकोटलाई विश्वसम्पदा सूचीमा समावेश गर्न आधार तयार गर्ने क्रममा पुरातत्व विभागले जग्गा अधिग्रहण प्रक्रिया अघि बढाएको हो ।

विभागका अनुसार किल्ला परिसर बाहिर गरिएको उत्खनन तथा भू-भौतिक सर्वेक्षणबाट प्राचीन संरचनाका भग्नावशेष तथा अन्य पुरातात्विक अवशेष भेटिएका छन् । ती संरचनाको अध्ययन, अनुसन्धान तथा संरक्षणका लागि त्यस क्षेत्रका जग्गा आवश्यक परेको हो ।

विभागका प्रमुख पुरातत्व अधिकृत सन्दीप खनालका अनुसार साविक मालपारा-१ ख र मालपारा-४ क अन्तर्गतका विभिन्न कित्ता नम्बरका जग्गा अधिग्रहण गरिनेछ । पुरातात्विक महत्त्वका संरचना तथा वस्तु भेटिएका क्षेत्रलाई संरक्षणको दायरामा ल्याउन जग्गा अधिग्रहण गर्न लागिएको उहाँले बताउनुभयो ।

जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम विभागले सम्बन्धित जग्गाधनी, भू-स्वामी तथा सरोकारवालालाई सूचना जारी गरी अधिग्रहण प्रक्रियामा सहयोग गर्न आग्रह गरेको छ ।

भगवान् गौतम बुद्धले राजकुमार सिद्धार्थका रूपमा जीवनको २९ वर्ष बिताएको स्थलका रूपमा तिलौराकोटलाई लिने गरिएको छ । त्यहाँ भएका उत्खनन तथा भू-भौतिक सर्वेक्षणबाट किल्ला परिसर बाहिरसमेत प्राचीन संरचनाका प्रमाण फेला परेकाले संरक्षणको दायरा विस्तार गर्न लागिएको हो ।

अधिकृत खनालले थप जग्गा अधिग्रहणपछि पुरातात्विक संरचनाको विस्तृत अध्ययन, अनुसन्धान र संरक्षणका साथै क्षेत्रको व्यवस्थित व्यवस्थापनमा सहयोग पुग्ने बताउनुभयो ।

तिलौराकोटलाई विश्वसम्पदा सूचीमा समावेश गराउने प्रयासअन्तर्गत पुरातात्विक महत्त्वका क्षेत्रको संरक्षण र अनुसन्धानलाई प्राथमिकता दिइएको विभागले जनाएको छ । *(रासस)*

## हार्दिक समवेदना



जन्म
२०५१/१२/३०

स्वर्गारोहण
२०८२/०६/१९

यस संस्थाका सदस्यता नं. ३२६६ का सदस्य **रुमन मचामसी**को असामयिक निधन भएकोमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**संगम बचत तथा ऋण सहकारी संस्था लि.**
ख:लाँ, भक्तपुर-४

## कर तिर्ने संस्कृतिको विकास गरौं

- कानुनबमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौं,
- प्रत्येक खरिद–बिक्रीमा अनिवार्य रूपमा बिल–बिजक लिऔं र दिऔं,
- कर छली तथा अवैध कारोबारलाई निरुत्साहित गरौं,
- डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं,
- करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं,
- पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं,
- करबाट संकलित राजस्व राष्ट्रको विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागि बनौं।

कर तिर्नु नागरिकको दायित्व र राष्ट्रप्रतिको योगदान हो।

नेपाल सरकार
विज्ञापन बोर्ड


# कार्की आयोगको प्रतिवेदन सार सङ्क्षेप – ११२

२०८२ साल भदौ २३ गतेको घटनाका सम्बन्धमा जाँचबुझ आयोगको निष्कर्ष, ठहर र सिफारिस

**पृष्ठभूमि**

प्रत्येक व्यक्तिलाई आफ्ना धारणा व्यक्त गर्ने र आफ्नो असन्तुष्टि शान्तिपूर्ण तरिकाबाट राख्ने अधिकार हुन्छ । मानव अधिकारको विश्वव्यापी घोषणा १९४८ ले समानता, वैयक्तिक र जीवनको स्वतन्त्रताका साथै विचार र अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण सभा गर्ने अधिकारसहितका अन्य धेरै अधिकारहरू प्रत्याभूत गरेको छ । त्यस्तै नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR) १९६६ र यसको ऐच्छिक प्रोटोकल १४ मे १९९१ मा र दोस्रो ऐच्छिक प्रोटोकलमा नेपालले ४ मार्च १९९८ मा हस्ताक्षर गऱ्यो । यसरी अनुबन्ध र प्रोटोकलमा सही गरिएका प्रावधानहरू नेपालको हकमा बाध्यात्मक रूपमा लागू हुन्छन् । नेपाल सन्धि ऐन २०४७ को दफा ९ ले सन्धिका प्रावधानहरू नेपाली कानुनसँग बाझिएमा बाझिएको हदसम्म नेपाली कानुन निष्प्रभावी हुने व्यवस्था गरेबाट सन्धिहरूको प्रधानता रहने व्यवस्था छ । यस अनुबन्धले प्रत्येक सन्धि राष्ट्रका नागरिकको आफ्नो विचार व्यक्त गर्ने र भेला हुने लगायतका अन्य मौलिक अधिकारहरूको संरक्षण गर्न अहम् भूमिका खेलेको छ । यिनै मान्यताहरूलाई नेपालको कानुनमा पनि विशेष स्थान प्राप्त छ । नेपालको संविधानको धारा १७ ले नेपाली नागरिकको स्वतन्त्रताको हकको व्यवस्था गरी विचारको अभिव्यक्ति र त्यस्तो विचारलाई सामूहिक रूपमा मुखरित गर्न बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको ग्यारेन्टी गरेको छ ।

संविधानबाट प्रदत्त यिनै हक अधिकारको प्रयोग गरी २०८२ साल भदौ २३ गते काठमाडौंस्थित माइतीघर मण्डला क्षेत्रमा शान्तिपूर्ण प्रदर्शन गर्न पाउँ भनी 'हामी नेपाल' नाम गरेको संस्थाका सुधन गुरुङसमेतको नामबाट, अङ्कित मल्ल र खेमराज साउदको नामबाट एवम् सवल गौतम र पुरुषोत्तम यादवको नामबाट जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पृथक–पृथक ३ वटा निवेदन दर्ता भए । निवेदकहरूसँग जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारीसँग छलफल भई निषेधित क्षेत्रबाहेकका स्थानमा मात्र प्रदर्शन गर्ने र उक्त प्रदर्शन शान्तिपूर्ण रूपमा हुने मौखिक सहमति भएको थियो । सोहीअनुसार जिल्ला प्रशासन कार्यालय काठमाडौंले निजहरूलाई प्रदर्शन गर्न अनुमति दिएको थियो । सोहीअनुरूप २०८२ साल भदौ २३ गते माइतीघर मण्डलामा शान्तिपूर्णरूपमा प्रदर्शन सुरु भइ सोही स्थानमा कोणसभा गर्ने पूर्वस्वीकृत कार्यक्रमअनुसार अगाडि बढ्ने योजना रहेको थियो ।

भदौ २३ गते युवाहरूले गर्ने भनिएको प्रदर्शन देशमा व्याप्त बेथितिविरुद्ध लक्षित थियो । युवाहरूले प्रयोग गरिरहेका सामाजिक सञ्जाल र अन्य प्रकारका विशेष सञ्जाल, समय समयमा सडकमा देखिने कुशासनविरुद्धका आन्दोलनमा युवाको व्यापक सहभागिताले पनि देशमा विद्यमान बेथितिविरुद्ध युवाहरूको रोष प्रकट भइरहेको थियो । अन्य मिडिया/पत्रपत्रिकामा प्रकाशित सरकारी कार्यमा हुने ढिलासुस्ति, भ्रष्टाचार र कुशासनका विरुद्ध प्रकाशित आलेख र सरकार सञ्चालनका प्रक्रियाप्रति असहमति जनाउँदै/रोष प्रकट गर्दै सामान्य व्यक्तिहरूबाट समेत सामाजिक सञ्जालमा भएका टिप्पणीद्वारा पनि यिनै विसङ्गतिविरुद्ध असन्तुष्टि अभिव्यक्त भएको पाइन्छ ।

नेपालमा सेप्टेम्बरको सुरुदेखि टिकटक र रेडिटलगायतका सामाजिक सञ्जालमा ह्यासट्याग अभियानअन्तर्गत राजनीतिज्ञका सन्तानले भ्रष्टाचारबाट कमाएको धनमा विलासी जीवनशैली अपनाएको आरोप लगाइएका भिडियो र मिमहरूको व्यापक प्रचार प्रसार गरेबाट पनि त्यस्तो असन्तुष्टि पोखिएको देखिन्छ ।

भदौ २३ गते पूर्व नै भ्रष्टाचार र सामाजिक सञ्जालविरूद्ध प्रदर्शन गर्दै जेनजी आन्दोलन आह्वानकर्ताले "श्रीलङ्काले गऱ्यो, इन्डोनेसियाले गऱ्यो, फिलिपिन्सले गऱ्यो, बङ्गलादेशले गऱ्यो अब नेपालको पालो ! हामी गोर्खाली उठ्ने समय आएको छ । आवाज उठाउने समय आएको छ" जस्ता पोस्टहरू प्रेषित गरिएका थिए । केही अन्य प्लेटफर्ममा संसद् भवन, सिंहदरबारलगायत सार्वजनिक संरचना जलाइएको वा विध्वंस गरिएको ऐआई–निर्मित फोटो/भिडियोहरूको साथै सामाजिक सञ्जालमा प्रेषित गरिएका Netakhor.vercel.app जस्ता सञ्जालमा शीर्ष नेताहरूको घर म्यापिङ गरी आक्रमणको योजना बनाएको भन्ने समाचार मिडियामा प्रकाशित भएको देखिन्छ ।

डिस्कर्ड नाम गरेको सञ्जालका पनि विभिन्न ग्रुपहरू थिए । तीमध्येको एउटा डिस्कर्ड ग्रुपमा अराजक गितिविधि मोलोटोभ कक्टेल निर्माण गर्ने, तोडफोड, लुटपाट र आगजनी गर्नसक्नेजस्ता धारणा प्रेषित गरिएको थियो । भदौ २३ गतेका आयोजकहरूले सो कुरा थाहा पाई प्रदर्शन हुनुअगाडि भदौ २२ गते नै प्रहरीलाई खबर गरेको र सो रोक्न/हटाउन साइबर व्युरोलाई अनुरोधसमेत गरेको भनी केही आयोजकले आयोगसमक्ष आफ्नो कुरा व्यक्त गरेका छन ।

सामाजिक सञ्जालहरू आजको बदलिँदो विश्वको अति महत्त्वपूर्ण र सशक्त सञ्चारका माध्यम भएका छन् । खासगरी युवावर्गको आवाजलाई सामूहिक रूपमा मुखरित गर्न यो माध्यम सशक्त रूपमा प्रस्तुत भएको देखिन्छ । तर, ती माध्यमबाट हुने क्षति पनि त्यति नै छिटो र व्यापक छ । विश्वव्यापी रूपमा डिजिटल र साइबर माध्यमबाट सुरक्षा खतराहरू उत्पन्न हुने प्रवृत्ति पनि बढेको छ ।


## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### निर्वाचन कार्यक्रमसम्बन्धी सूचना (अनुसूची १)

**यस संस्थाको २०८३ असोज १७ गते हुने ३२औं वार्षिक साधारणसभामा सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको निर्वाचन कार्यक्रम गर्नका लागि संस्थाको निर्वाचन निर्देशिका-२०७५ को अनुसूची १ को ढाँचामा व्यवस्था भएबमोजिम देहायअनुसार निर्वाचन कार्यक्रम प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सम्पूर्ण सदस्यहरूको जानकारीका लागि प्रकाशित गरिएको छ ।**

| सि.नं. | विवरण | मिति | समय |
|---|---|---|---|
| १ | मतदाताको पहिलो नामावली प्रकाशन | २०८३/५/२३ गते | १०:०० बजे |
| २ | मतदाता नामावलीउपर दाबी विरोध | २०८३/५/२४ गते | १:०० बजेसम्म |
| ३ | मतदाताको अन्तिम नामावली प्रकाशन | २०८३/५/२५ गते | १०:०० बजे |
| ४ | उम्मेदवारको दर्खास्त | २०८३/५/२८ गते | ३:०० बजेसम्म |
| ५ | उम्मेदवारको पहिलो नामावली प्रकाशन | २०८३/५/२९ गते | १०:०० बजे |
| ६ | उम्मेदवारउपरको दाबी विरोध | २०८३/५/३० गते | १:०० बजेसम्म |
| ७ | दाबी विरोधउपर छानबिन | २०८३/५/३१ गते | |
| ८ | उम्मेदवारी फिर्ता | २०८३/६/४ गते | १:०० बजेसम्म |
| ९ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८३/६/५ गते | ३:०० बजे |

**द्रष्टव्य : थप निर्वाचन प्रक्रिया र अन्य विषयहरूमा आवश्यकताअनुसार निर्वाचन समितिले निर्णयहरू गरी सूचना प्रकाशित गरिनेछ ।**

**प्रकाशित मिति : २०८३/५/२२ गते**

**यस समितिलाई तोकिएको निर्वाचनसँग सम्बन्धित प्रशासनिक कार्य गर्नका लागि संस्थाको सिद्धि गणेश सहकारी भवन, चोर्चामा यस समितिको कार्यालय स्थापना गरिएको व्यहोरा सम्बन्धित सम्पूर्णमा जानकारी गराइन्छ ।**

**संयोजक**
**निर्वाचन समिति**
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

## हार्दिक समवेदना



जन्म
२०४९/०८/११

स्वर्गारोहण
२०८३/०३/०३

यस संस्थाका सदस्यता नं. २२५२ का सदस्य **रोशन गाईजु**को असामयिक निधन भएकोमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**संगम बचत तथा ऋण सहकारी संस्था लि.**
ख:लाँ, भक्तपुर-४


**जेनजीको...**

नाम टिपाएका छन्, कुपन लिएका छन् । तर, ग्यास कहिले पाइन्छ, निश्चित जानकारी उनीहरूले पाएका छैनन् । काठमाडौं उपत्यकामा खाना पकाउने एलपी ग्यासको अभाव चर्किंदै जाँदा यसको पछाडि सरकारको कमजोर निर्णय, आपूर्ति व्यवस्थापनमा देखिएका असन्तुलन, उपभोक्ताको अतिरिक्त सञ्चय र ढुवानी अवरोधको प्रभाव देखिएको बताइएको छ । नेपाल आयल निगमको अनुमानअनुसार काठमाडौं उपत्यकामा मात्र १२ देखि १५ लाख खाली सिलिन्डर घर तथा विभिन्न स्थानमा थन्किएका छन् । जनताको यो समस्या समाधान कहिले हुने हो ? उपत्यकामा भइरहेको ग्यासको हाहाकार कहिले अन्त्य हुने हो ?


## हार्दिक समवेदना



लक्ष्मीबहादुर वैद्य

जन्म
१९९४/०७/२५

स्वर्गारोहण
२०८३/०५/२०

प्रभात मा.वि., एस.एल.सी. बायच २०४४ समूहका साथी लक्ष्मीकुमार वैद्यका पूजनीय पिता **लक्ष्मीबहादुर वैद्य**को दु:खद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**प्रभात मा.वि.**
**एस.एल.सी. बायच २०४४ समूह**


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा